# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-६८

# Overview of Weekly Media Study Vol. 68


**नेपाल संवाद केन्द्र**

काठमाडौं, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com


**PDF पठ्नका लागि QR Scan गर्नुहोस**

मिति : २०८३ वैशाख २७, आइतबार

नेपाल संवाद केन्द्रद्वारा प्रस्तुत यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदन २०८३ साल वैशाख २१ गतेदेखि २७ गतेसम्मका प्रमुख राष्ट्रिय दैनिक पत्रपत्रिका, अनलाइन, प्रिन्ट तथा टेलिभिजन माध्यममा प्रकाशित तथा प्रसारित समाचार, विचार, विश्लेषण तथा लेखहरूको अध्ययनपछि तयार गरिएको हो । यस अवधिमा नेपाली मिडियाले सामाजिक, सांस्कृतिक, कूटनीतिक, राजनीतिक, शैक्षिक तथा रणनीतिक विषयहरूलाई प्राथमिकताका साथ समेटिएका छन् । विशेषतः राष्ट्रिय पहिचान, सांस्कृतिक संरक्षण, सीमासम्बन्धी संवेदनशीलता, शिक्षा सुधार, प्रविधिको प्रभाव तथा लोकतान्त्रिक अभ्याससँग सम्बन्धित विषयहरू यस हप्ताको साप्ताहिक विश्लेशणमा समाहित गरिएको छ ।

यस साता संस्कृत शिक्षाप्रति बढ्दो आकर्षण, जनकपुरधाम क्षेत्रलाई 'संरक्षित स्मारक क्षेत्र' घोषणा गर्ने तयारी, विश्व सम्पदा सूचीमा जानकी मन्दिर समावेश हुन नसक्नुका कारण, मगर समुदायको मौलिक घाटु नाच, इतिहास संरक्षणमा 'ब्ल्यु प्ल्याक' अभियानको उपयोगिताको चर्चा तथा नारायणगढको सांस्कृतिक विरासतसँग सम्बन्धित सामग्रीहरूले नेपाली समाजमा मौलिकता र सम्पदा संरक्षणप्रतिको चासो बढ्दै गइरहेको देखाएका छन् । यस्तै, 'भूमिगत शैली' मा धर्म परिवर्तन विस्तार भएको विषयलाई सामाजिक संरचनामाथिको चुनौतीका रूपमा प्रस्तुत गरिएको छ । वास्तवमै यस देशमा मौलिक रूपमा विकसित धर्म-संस्कृतिलाई हीन दर्शाउँदै आयातित पन्थको भर्तिकेन्द्रहरू गाउँगाउँमा खुल्नु समाजका निम्ति ठूलो चुनैति नै हो । यस्तै, यार्सा संकलनका क्रममा ज्यानको जोखिम, घट्दो उत्पादन र मूल्यले हिमाली क्षेत्रको आर्थिक तथा मानवीय संकट उजागर गरेका छन् । पर्यटन र वातावरणसँग सम्बन्धित समाचारहरूले यस साता उल्लेखनीय स्थान पाएका छन् । अन्तुपोखरीको पर्यटकीय विकास, बन्दीपुरमा साइक्लिङमार्फत् ग्रामीण पर्यटन प्रवर्धन, अन्नपूर्ण क्षेत्रमा सार्क मुलुकका पर्यटकको उल्लेखनीय उपस्थिति तथा फेवाताल संरक्षणसम्बन्धी बहसले पर्यटन क्षेत्रको सम्भावना र चुनौती दुवैलाई उजागर गरेका छन् । पशुपतिनाथ क्षेत्रमा ग्रिनेड फेला परेको घटनाले यस क्षेत्रमा सुरक्षाको संवेदनशील पक्षलाई त उजागर गरेको छ नै, यस घटनाले विश्वकै हिन्दूहरूको यो आस्था केन्द्रमा सुरक्षा व्यवस्थाको टट्कारो आवश्यकतातर्फ सरोकारवालाको ध्यानाकर्षण पनि अवश्य भएको छ भन्न सकिन्छ । प्रविधि, सुविधा र मानव अस्तित्वबीचको द्वन्द्वबारेका सामग्रीहरूले आधुनिक जीवनशैलीमाथि गम्भीर विमर्श अघि सारेका छन् ।

अन्तरदेशीय तथा कूटनीतिक सन्दर्भमा भारतीय राजनीति नेपाली मिडियाको केन्द्रमा रह्यो । भारतीय जनता पार्टीले पश्चिम बंगालमा ऐतिहासिक सफलता हासिल गरेको, ममता बनर्जीको शासन अन्त्य भएको तथा तमिलनाडुमा अभिनेता विजयको राजनीतिक उदयलाई विशेष महत्वका साथ प्रस्तुत गरेका छन् । यसले दक्षिण एशियाली राजनीतिमा बदलिँदो शक्ति सन्तुलन र जनमतको प्रवृत्तिलाई प्रतिबिम्बित गरेको देखाएको छ । नेपाल-भारत सम्बन्ध, सीमा विवाद तथा कूटनीतिक संवादसम्बन्धी विषयहरूले पनि व्यापक स्थान पाएका छन् । कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपाली भूमि भएको सरकारले पुनः दोहोऱ्याइ, भारतलाई पठाइएको कूटनीतिक नोट, सीमा विवाद समाधानका लागि संवादको आवश्यकता तथा भारतीय विदेश सचिव विक्रम मिस्रीको नेपाल भ्रमण रोकिएको प्रसंगले द्विपक्षीय सम्बन्धमा विद्यमान संवेदनशीलता उजागर गरेका छन् । कैलाश-मानसरोवर यात्रा पुनः सुरु हुनु तथा सगरमाथालाई शक्ति राष्ट्रहरूको प्रविधि परीक्षणस्थलका रूपमा व्याख्या गरिनु भू-राजनीतिक चासोसँग जोडिएका विषय प्राप्त भएका छन् । आन्तरिक राजनीति, प्रशासन र नीतिगत बहसतर्फ नेपालमा बढ्दो पपुलिज्म राजनीति लोकतन्त्रका लागि अवसर वा चुनौती भन्ने प्रश्न उठाइएको छ । मन्त्रिपरिषद् पुनःसंरचना, मन्त्रालय संख्या घटाउने प्रस्ताव, संवैधानिक परिषद्को बैठक, प्रधानन्यायाधीश सिफारिस तथा उद्योग वाणिज्य महासंघको नयाँ कार्यसमितिसम्बन्धी समाचारहरूले राज्य संयन्त्र पुनर्संरचना र शक्ति सन्तुलनको बहसलाई अघि बढाएका छन् ।

शिक्षा र प्रविधिसम्बन्धी सामग्रीहरूले पनि यस साता गम्भीर विमर्श सिर्जना गरेका छन् । विकसित देशका अभ्यासबाट शिक्षा सुधारका पाठ सिक्नुपर्ने आवश्यकता, आठ विश्वविद्यालयमा उपकुलपति नियुक्ति प्रक्रिया, एसईई नतिजा सार्वजनिक गर्ने तयारी तथा शिक्षा, स्वास्थ्य र विज्ञान क्षेत्रमा केन्द्रित सुझावहरूले शैक्षिक रूपान्तरणको आवश्यकता उजागर गरेका छन् । विद्यार्थीलाई गाउँ र प्रकृतिसँग जोड्ने वैकल्पिक शिक्षा अवधारणा तथा कोरियाली गुम्बामा रोबोट भिक्षुको दीक्षासम्बन्धी सामग्रीहरूले परम्परा र प्रविधिबीचको अन्तरसम्बन्धलाई नयाँ ढंगले प्रस्तुत गरेका छन् । समग्रमा, यस साप्ताहिक मिडिया अध्ययनले नेपाली समाज, राजनीति, संस्कृति, कूटनीति तथा विश्व परिवेशका विविध आयामलाई तथ्यपरक र सन्तुलित रूपमा प्रस्तुत गरेका छन् । यस साप्ताहिक विश्लेशणमा समेटिएका विषयहरूले राष्ट्रिय चासोका मुद्दा मात्र होइन, बदलिँदो सामाजिक मनोविज्ञान, क्षेत्रीय शक्ति समीकरण तथा भविष्यका नीतिगत दिशाबारे पनि संकेत गरेका छन् । त्यसैले यो प्रतिवेदन अनुसन्धानकर्ता, नीतिनिर्माता, सञ्चारकर्मी तथा आम पाठकका लागि उपयोगी सन्दर्भ सामग्री बन्न सक्ने विश्वास गरेका छौं ।

**Date: 2083 Baisakh 27, Sunday**

# Weekly Media Study Summary– Part 68

This Weekly Media Study Report presented by the Nepal Dialogue Center has been prepared after studying the news, opinions, analyses and articles published and broadcasted in major national daily newspapers, online portals, print and television media from 21 to 27 Baishakh 2083. During this period, Nepali media primarily covered social, cultural, diplomatic, political, educational and strategic issues. In particular, topics related to national identity, cultural preservation, border sensitivity, educational reform, the impact of technology and democratic practices have been incorporated into this week's media analysis.

This week issues such as; The growing attraction towards Sanskrit education, Preparations to declare the Janakpurdham area as a "Protected Monument Area," Reasons behind the exclusion of Janaki Temple from the World Heritage List, The indigenous Ghatu dance of the Magar community, Discussions on the usefulness of the "Blue Plaque" campaign for historical preservation were included along with the materials related to the cultural heritage of Narayangadh reflected the growing concern of Nepali society toward originality and heritage conservation. Likewise, the expansion of religious conversion in an "underground style" was presented as a challenge to the social structure. In fact, the opening of recruitment centers of imported faiths in villages across the country while portraying the organically developed indigenous religion and culture of this nation as inferior is indeed a major challenge for society. Similarly, the life risks involved in Yarsa collection, declining production and falling prices exposed the economic and humanitarian crisis in the Himalayan region. News related to tourism and the environment also received notable coverage this week. The tourism development of Antupokhari, promotion of rural tourism through cycling in Bandipur, the significant presence of tourists from SAARC countries in the Annapurna region and debates surrounding the conservation of Fewa Lake highlighted both the opportunities and challenges of the tourism sector. The discovery of grenades in the Pashupatinath area not only exposed the sensitive security aspect of the region, but also drew the attention of concerned authorities toward the urgent need for proper security arrangements at this sacred center of faith for Hindus around the world. Materials discussing the conflict between technology, convenience and human existence initiated serious discourse on modern lifestyles.

In the inter-country and diplomatic context, Indian politics remained at the center of Nepali media attention. The historic success of the Bharatiya Janata Party in West Bengal, the end of Mamata Banerjee's rule and the political rise of actor Vijay in Tamil Nadu were presented with special importance. This reflected the changing balance of power and public sentiment trends in South Asian politics. Issues related to Nepal–India relations, border disputes, and diplomatic dialogue also received broad coverage. The government's repeated assertion that Kalapani, Lipulekh and Limpiyadhura are Nepali territories, the diplomatic note sent to India, the necessity of dialogue for resolving border disputes and the suspension of Indian Foreign Secretary Vikram Misri's visit to Nepal highlighted the existing sensitivities in bilateral relations. The resumption of the Kailash–Mansarovar pilgrimage and the interpretation of Sagarmatha as a technological testing ground for powerful nations emerged as subjects linked to geopolitical interests. In the area of domestic politics, administration and policy debates, questions were raised as to whether the growing populist politics in Nepal represents an opportunity or a challenge for democracy. News related to cabinet restructuring, proposals to reduce the number of ministries, meetings of the Constitutional Council, the recommendation of the Chief Justice, and the new executive committee of the Federation of Nepalese Chambers of Commerce and Industry advanced debates on the restructuring of state mechanisms and the balance of power.

Materials related to education and technology also created serious discourse this week. The need to learn lessons for educational reform from the practices of developed countries, the process of appointing vice-chancellors in eight universities, preparations for publishing SEE results and suggestions focused on education, health, and science highlighted the necessity of educational transformation. Alternative educational concepts connecting students with villages and nature, along with reports about the initiation of a robot monk in a Korean monastery presented the interrelationship between tradition and technology in a new way. Overall, this weekly media study has presented various dimensions of Nepali society, politics, culture, diplomacy and the global environment in a factual and balanced manner. The issues included in this weekly analysis not only reflect matters of national concern but also indicate changing social psychology, regional power dynamics and future policy directions. Therefore, we believe this report can serve as a useful reference material for researchers, policymakers, media professionals and general readers.

## २०८३ वैशाख २१ गतेदेखि वैशाख २७ गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

### संस्कृत शिक्षामा बढ्दै आकर्षण

नेपालका गुरुकुलहरूमा अध्ययन गर्ने विद्यार्थीको संख्या बिस्तारै बढ्न थालेको छ। विद्यार्थी भर्ना बढेसँगै महत्त्वपूर्ण जिज्ञासा उब्जिएको छ, के साँच्चै संस्कृत भाषाको सशक्त पुनरागमन हुँदै छ? दाङस्थित नेपाल संस्कृत विश्वविद्यालयका प्राध्यापक गुरुप्रसाद सुवेदीका अनुसार देशभर अहिले झन्डै २५ हजार विद्यार्थीले संस्कृत पढिरहेका छन्। देशभर झन्डै ५ सय गुरुकुल सञ्चालनमा छन्। बाँकी...

स्रोत : **https://ekantipur.com/feature/2026/05/06/growing-interest-in-sanskrit-education-42-45.html**

### जनकपुरधाम क्षेत्र 'संरक्षित स्मारक क्षेत्र' घोषणा हुँदै

जनकपुरधाम क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषणा गर्ने तयारी गरेको छ । पुरातत्व विभागले जनकपुर क्षेत्रको सांस्कृतिक तथा ऐतिहासिक महत्वलाई संरक्षण गर्ने उद्देश्यले रामजानकी मन्दिर क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषणा गर्न लागेको हो । विभागले संरक्षित स्मारक क्षेत्र घोषणा गर्न औपचारिक रूपमा प्रक्रिया अघि बढाएको जनाएको हो । विभागका प्रवक्ता सन्दीप खनालले यसका लागि विज्ञहरूको प्रस्तुतिसहित सरोकारवाला निकायबीच विस्तृत छलफल सम्पन्न गरेको जानकारी दिनुभयो । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/07/767144/**

### विश्व सम्पदामा किन अटेन जानकी मन्दिर ?

१ सय १५ वर्ष पुरानो ऐतिहासिक जानकी मन्दिर विश्व सम्पदा सूचीमा अटाउन संघर्षरत छ।मुगल, राजपुताना र मिथिला शैलीमा निकै आकर्षक रूपमा निर्माण गरिएको मिथिला संस्कृतिको जीवन्त सम्पदाको रूपमा प्रख्यात रहेको यस मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन एक दशकदेखि प्रयास भइरहेका छन् । तर, तीनवटै तहका सरकारको दृढ इच्छाशक्तिको अभाव र मन्दिर व्यवस्थापन पक्षको लापरबाहीका कारण यो मन्दिर विश्व सम्पदामा सूचीकृत हुन सकेको छैन । वर्तमान सरकारले यस विषयमा तदारुकता देखाउँदै जानकी मन्दिरलाई विश्व सम्पदामा अटाउन प्रक्रियागत कामहरू अघि बढाएको छ । बाँकी... स्रोत : **https://www.annapurnapost.com/story/499531/**

### मगर समुदायको मौलिक नाच घाटु (फोटो फिचर)

गाउँका महिलाहरु एकै स्थानमा जम्मा भएर गीत गाइरहेका छन् । चोलो, साडी, घलेकीको पहिरनमा रंगीविरंगी फूल र गरगहनामा सजिएका कन्या किशोरीहरु पाउमा रहेको खाँकरको छमछम आवाज निकाल्दै समान चालमा नाचिरहेका छन् । जिल्लाको निस्दी गाउँपालिकाको ग्रामीण बस्तीमा जारी रहेको घाटु नाचको दृश्य हो यो । सदियौंदेखि  जिल्लाको पूर्वी क्षेत्रका मगर समुदायमा नाचिदै  आएको घाटु नाच अझै जीवन्त छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/204236**

## 'भूमिगत शैली' मा धर्म परिवर्तनको विस्तार, सामाजिक संरचनामै चुनौती

नेपालमा धर्म परिवर्तनको विषय फेरि बहसको केन्द्रमा आएको छ । सार्वजनिक रूपमा नदेखिए पनि 'भूमिगत' शैलीमा भइरहेको भनिएको धर्मान्तरणका गतिविधिले सामाजिक संरचनामै चुनौती थप्दै पारिवारिक सम्बन्ध र धार्मिक सहिष्णुतामै असर पर्नसक्ने सम्भावना देखिएको छ । हालैका केही घटनाले यो प्रवृत्तिको संकेत दिएको छ । एक चर्चित लोकगायकले आफ्नी आमाको अन्तिम संस्कारमा सहभागी हुन अस्वीकार गरेको घटनाले उनको परिवार र समुदायमा गहिरो असर पारेको छ । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/07/767135/**

## इतिहास संरक्षणमा 'ब्ल्यु प्ल्याक'

नेपाल संस्कृति, कला, साहित्य, दर्शन, युद्ध, राजनीति र आन्दोलनको लामो इतिहास बोकेको देश हो । यहाँका सडक, गल्ली, चौतारा, मन्दिर, पुराना बस्ती र भवनहरूमा हजारौँ कथा गाँसिएका छन् तर समयको परिवर्तनसँगै यी कथा मेटिँदै छन् । नयाँ पुस्ताबीच पनि नेपालका महान् व्यक्तित्व, महत्वपूर्ण घटना र ऐतिहासिक स्थल बिस्तारै हराउँदै गएका छन् । यही सन्दर्भमा बेलायतको 'ब्ल्यु प्ल्याक' (भित्ता वा स्मारकमा टाँसिने ढुङ्गा वा धातुको निलो पाता) कार्यक्रम नेपालका लागि एक राम्रो प्रेरणास्रोत बन्न सक्छ । यो कार्यक्रमले इतिहासलाई जीवन्त बनाउँछ । ऐतिहासिक स्थलहरूलाई बोल्ने क्षमता दिन्छ र सहरलाई सजिलै बुझ्न मद्दत गर्छ । नेपालमा यस्तो अभियान सुरु गर्नु केवल स्मारक राख्ने काम मात्र होइन; यो इतिहास संरक्षण, सांस्कृतिक पहिचान र शिक्षाको क्षेत्रमा नयाँ क्रान्ति ल्याउने माध्यम पनि हुन सक्छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/204952**

## नारायणगढको विरासत सम्झाउने चौतारो

नारायणगढ बजारको व्यस्त क्षेत्र पुलचोकदेखि ३ सय मिटर तल पश्चिममा वरपिपलको एउटा चौतारो छ । ८७ वर्ष पुरानो यो चौतारोसँग नारायणगढ बजारको कथा त जोडिन्छ नै साथै यसको जरा र हाँगाबिगा आफ्नै नामको जमिनमा फैलिएको छ । साविक नारायणगढ ६ 'क'को कित्ता नम्बर ५० यही चौतारोको जमिन हो । यो कित्तामा दुई कट्ठा चार धुर जग्गा रहेको नारायणगढमा विस १९९० सालदेखिका जिमिन्दार कालिदास खनालका छोरा वामदेवले बताए । नारायणी नदी नजिकको यो ठाउँमा कालिदासले नै चौतारो बनाउनुका साथै जग्गा पनि छुट्याएर राखेका थिए । बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/05/09/jaggadhani-square-reminds-of-narayangadhs-heritage-35-03.html**

## यार्चाको सिजन सुरु : ज्यानको जोखिम बढ्दै, उत्पादन र मूल्य घट्दै

गत वर्ष जेठ १५ मा डोल्पाको काइकेस्थित नावरपानी पाटनमा यार्चा टिप्न पुगेका जाजरकोटको नलगाड नगरपालिका-८ का १९ वर्षीय धनलाल विकको लेक लागेर मृत्यु भयो। उनी चार दिन हिँडेर बुबा हरिबहादुरसँगै यार्चा टिप्न पाटन पुगेका थिए। २०८० को भूकम्पमा घर भत्किएपछि जीविकोपार्जनमा समस्या हुँदा बाबुछोरा यार्चा टिप्न पाटन पुगेका थिए। घर खर्च जुटाउन गएका हरिबहादुरले छोराको शव बोकेर फर्किनुपर्‍यो। अहिले पनि उनको परिवार अस्थायी टहरामा बसिरहेको छ। बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/05/04/yarcha-season-begins-risk-to-life-increasing-production-and-prices-decreasing-40-40.html**

## पशुपतिनाथ क्षेत्रमा तीन वटा ग्रिनेड फेला, सुरक्षाकर्मी परिचालन

पशुपतिनाथ मन्दिर परिसरअन्तर्गत राम मन्दिर नजिकैको जंगलमा शंकास्पद अवस्थामा तीन वटा पुरानो ग्रिनेड फेला परेका छन् । स्थानीयले शंकास्पद वस्तु देखेपछि प्रहरीलाई खबर गरेका थिए । प्रहरीका अनुसार अवैध घरटहरा भत्काइएको ठाउँभन्दा केही माथि जंगलमा ती ग्रिनेड भेटिएका हुन् । घटनास्थलमा तुरुन्तै सुरक्षाकर्मी परिचालन गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका डीएसपी कौशल बुढाथोकीले जानकारी दिए । उनले भने 'तीन वटा पुरानो ग्रिनेड फेला परेको छ । तत्काल क्षेत्रलाई सुरक्षित बनाइएको छ र नेपाली सेनाको बम डिस्पोजल टोलीलाई घटनास्थलमा बोलाइएको छ । ग्रिनेडलाई सुरक्षित तरिकाले निष्क्रिय पार्ने काम भइरहेको छ । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/05/10/767621/**

## प्रविधि, सुविधा र मानव अस्तित्वको संकट

मानव सभ्यताकै सबैभन्दा ठूलो उपलब्धि मानिएको प्रविधिले जीवनलाई जति सहज र सुविधासम्पन्न बनाएको छ, भित्री रूपमा मानिसलाई त्यति नै एक्लो, विखण्डित र अस्थिर बनाउँदै लगेको छ । ८ सेकेन्डमा खुम्चिएको ध्यान, सामाजिक सञ्जालले बढाएको कृत्रिम सम्बन्ध र अल्गोरिदमले नियन्त्रण गरेको चेतना- आधुनिक युगको सबैभन्दा ठूलो सङ्कट हो । प्रविधि मानव सभ्यताको सबैभन्दा ठूलो उपलब्धि हो । यसले उत्पादन, सञ्चार, शिक्षा र स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधार ल्याएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1923903/law-convenience-and-the-crisis-of-human-existence**

## Why Sanskrit is not dead after all

Once dismissed as a "dead language," Sanskrit is witnessing a quiet but noticeable resurgence in Nepal. across traditional institutions, student enrolment is rising after decades of decline, raising an important question: is this a genuine revival, or simply a reinvention shaped by new social, political, and economic realities? in the Devghat area spanning Tanahun and Chitwan districts, around 1,000 students are currently studying Sanskrit at institutions such as Mahesh Sanskrit Gurukul, Paramananda Sanskrit Gurukul (run by Harihar Sannyas Ashram), and Gargi Kanya Gurukul. बाँकी... स्रोत : **https://kathmandupost.com/national/2026/05/04/why-sanskrit-is-not-dead-after-all**

## पाँचथरको यासोकमा 'त्रिशाली' उत्सव

बुधवार बिहान पानी परिरहेको थियो । पाँचथरको यासोक बजारमा यही पानीमा रुझ्दै एउटा न्याली कुम्मायकतर्फ उकालियो । परम्परागत सांस्कृतिक पोसाकमा सजिएर च्याब्रुङ, नौमतीबाजा साकेला सहित पूजा सामाग्री बोकेर उकालो लाग्नेको संख्या उलेख्य थियो । पाँचथरको कुम्मायक-कुसायकमा हरेक तीन वर्षमा विशेष पुँजा हुने गरेको छ । परापूर्वकालदेखि हरेक तीन वर्षमा हुने पूजाको अवसरमा ठुलो मेलसमेत लाग्ने गर्छ । तङ्सुम तङ्नाम त्रीशाली पूजा तथा मेलाका कारण यासोक बजार झकिझकाउ र भरिभराउ बनेको छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1926268/trishali-festival-at-yasok-in-panchthar-photos**

## ‘पालाम’ ले यासोक बजार गुञ्जायमान

यासोक बजार ध्वजापताकाले सिँगारेर चिरिच्याट्ट छ । सर्वसाधारण सानाठुला समूह बनाएर ‘धान नाच’ नाचिरहेका छन् । धान नाचसँगै च्याब्रुङको धुन र ‘पालाम’ ले यासोकलाई गुञ्जायमान बनाएको छ । फुटबल, ब्याडमिन्टन र चेस प्रतियोगिता सञ्चालन भइरहेका छन् । ‘मिनी’ मेलामा बालबालिका रमाइरहेका छन् । पाँचथरको कुम्मायक गाउँपालिकाको केन्द्र यासोकमा त्रिसाली मेला सुरु भएको छ । जिल्लाकै पुरानोमध्येको एक यासोक बजारमा हरेक तीन वर्षमा त्रिसाली मेला लाग्ने गर्छ । तीन वर्षमा लाग्ने भएकाले यो मेलालाई त्रिसाली भन्ने गरिएको हो । त्रिसाली पूजा तथा मेलामा विशेषतः माङहिम ( पवित्रस्थल) कुम्मायक र कुस्सायकमा पूजाअर्चना गरिन्छ । त्रिसाली पूजाको मुख्य दिन देशविदेशबाट आएका हजारौँ भक्तजनले पूजाअर्चना गरे । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/204805**

## अन्तुपोखरी : भैँसी चरन क्षेत्रदेखि पर्यटकीय गन्तव्यसम्म

इलामको पर्यटकीय गन्तव्य अन्तु पोखरी चार दशकअघिसम्म भैँसी चरन क्षेत्र थियो । विसं २०४० सम्म यहाँ चार गाउँका मान्छेले भैँसी चराउँथे । एकापट्टि पानीको आल थियो । अन्त पानी सुके पनि यहाँ कहिल्यै सुक्थेन । वरिपरि घर थिएन । जङ्गल पनि थिएन । तर, दिउँसै रात परेजस्तो सुनसान हुन्थ्यो । त्यो बेला दिउँसै रातपर्ने अन्तु पोखरी आसपासमा अहिले मध्यरातसम्म उज्यालै हुन्छ । ‘हामी केटाकेटी हुँदा २०-२२ भैँसी चराएको । बाँकी... स्रोत : **https://clickmandu.com/2026/05/455301.html**

## इलामको सन्दकपुर पर्यटन क्षेत्रमा भेटियो बेवारिसे मानव कंकाल

इलामको सन्दकपुर पर्यटकीय क्षेत्रमा मानव कंकाल फेला परेको छ । सन्दकपुर गाउँपालिका-२ माइमझुवास्थित छिन्तापुदेखि केही तल तालपोखरी जंगलमा बुधबार गाईगोरू चराउन जानेहरूले सो शव देखेका थिए । उनीहरूले गरेको खबरका आधारमा बिहीबार सो स्थानमा प्रहरीसहितको टोली पुगेको थियो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1926523/abandoned-human-skeleton-found-in-sandakpur-tourist-area-of-ilam**

## पर्यटन बोर्ड निमित्त सीईओमा ऐर

नेपाल पर्यटन बोर्डको निमित्त प्रमुख कार्यकारी अधिकृत (सीईओ) को जिम्मेवारी वरिष्ठ निर्देशक हिक्मतसिंह ऐरले पाएका छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सोमबार गरेको निर्णय अनुसार ऐरलाई कार्यालय प्रमुखको हैसियतमा कार्यसम्पादन गर्ने गरी जिम्मेवारी तोकिएको हो । सरकारले अध्यादेश ल्याएपछि बोर्ड सीईओ दीपकराज जोशी पदमुक्त भएका थिए । अध्यादेशपछि बोर्ड नेतृत्व रिक्त थियो । सोही रिक्तता पूर्ति गर्न तत्कालका लागि वरिष्ठताका आधारमा ऐरलाई निमित्त सीईओको जिम्मेवारी दिइएको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1925849/air-as-acting-ceo-of-tourism-board**

## जलाधार नजोगाए बाँच्दैन फेवाताल

पहिलो पटक फेवाताल आउनुभएकी अस्तिका पोखरेलले फेवातालका डुङ्गा चालकलाई सोध्नुभयो, “यो तालको पानीको मूल कहाँ छ ? अनि तालको पानी बगेर कहाँ जान्छ ?” चालकले फेवातालमा निरन्तर बगिरहने पञ्चासे मूल भएको, हर्पन, पोखराकै बुलौदी, फिर्केलगायतका खोला, केही मूल र खहरेको पानीले ताल बनेको जानकारी दिनुभयो र तालको बाँध हुँदै बग्ने बढी भएको पानीबाट बिजुली निकालिएको र त्यही पानीबाटै भूमिगत झरना पातले छाँगो बनेको कुराको बेलिविस्तार लगाएपछि किशोरी पोखरेल अचम्मित हुनुभयो। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/204845**

## अन्नपूर्ण क्षेत्र: ६८ प्रतिशत पाहुना सार्क मुलुकका

सन् २०२६ को सुरुको चारमहिना (जनवरी-अप्रिल) अवधिमा अन्नपूर्ण क्षेत्रमा सबैगरि १ लाख ५२ हजार ४ सय ८६ जना विदेशी पर्यटक घुमघामका लागि पुगे। तीमध्ये ६८ प्रतिशत (१ लाख ४ हजार २ सय २७) जना पर्यटक सार्क मुलुकका पाहुना छन्। बाँकी ४८ हजार २ सय ५९ जना पाहुना भने अन्य तेश्रो मुलुकका छन्। बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/economy/annapurna-region-68-percent-of-guests-are-from-saarc-countries-58-76.html**

## पर्यटन मन्त्रालय मातहतका को-को भए पदमुक्त (सूचीसहित)

सरकारले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गतका विभिन्न निकायमा कार्यरत ३३ जना पदाधिकारीहरूलाई एकसाथ पदमुक्त गरेको छ। मन्त्रालयले एक प्रेस विज्ञप्ति जारी गर्दै सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ को दफा २ को उपदफा (१) बमोजिम मन्त्रिपरिषद्बाट नियुक्त भएका पदाधिकारीहरूलाई हटाएको जानकारी दिएको हो। विज्ञप्ति अनुसार यी पदाधिकारीहरू २०८३ वैशाख १९ गतेदेखि लागू हुने गरी स्वत: पदमुक्त भएका हुन्। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/561067/who-has-been-relieved-of-their-posts-under-the-ministry-of-tourism-with-list**

## पश्चिम एसिया युद्ध : मुख्य सिजनमै नेपालमा पर्यटक आगमन ७ प्रतिशत गिरावट

पश्चिम एसिया युद्धको असर नेपालको पर्यटक आगमनमा देखिएको छ। नेपालको पर्वतारोहण तथा पदयात्राको मुख्य सिजन अप्रिलमा पर्यटक आगमनमा ७.३ प्रतिशतको गिरावट आएको छ। नेपाल पर्यटन बोर्डका अनुसार सन् २०२६ अप्रिलमा १ लाख ७ हजार ९ सय ३४ पर्यटक भित्रिएका छन्। जुन २०२५ अप्रिलको तुलनामा ७.३ प्रतिशतको गिरावट हो। गत वर्ष अप्रिलमा १ लाख १६ हजार ४ सय ९० पर्यटक भित्रिएका थिए। कोभिड महामारीभन्दा अगाडि २०१९ अप्रिलमा १ लाख ९ हजार ३ सय ९९ पर्यटक आएका थिए। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1924386/west-asia-war-tourist-arrivals-in-nepal-drop-by-7-percent-during-main-season**

## आहा ! एन्जेलिया

ढकमक्क एन्जेलिया फुलेपछि रङ्गीचङ्गी फूलहरूले सजिन्छ गुफापाताल । सात रोपनीमा बनिएको दृश्यावलोकन स्थल (भ्यूटावर) सहितको उद्यान र फूलबारीमा पुग्नेबित्तिकै पर्यटक लोभिन्छन् । सूर्योदय नगरपालिका-४ मा पर्ने गुफापाताल इलामको नयाँ पर्यटकीय गन्तव्य हो । "सबै फूल एकैपटक फूल्दा त शृङ्गारिएकी बेहुलीजस्तै धपक्क बल्दोरहेछ । म त उत्तै बसिरहुँ लाग्यो", पोखराबाट आएकी शारदा सुवेदीले भनिन्, "पर्यटक लोभिदा रहेछन् । अलिकति बाटोचाहिँ बनाउनै बाँकी रहेछ ।" बाँकी...

स्रोत : **https://www.ratopati.com/story/561307/oh-angelia**

## साइक्लिङमार्फत बन्दीपुरको ग्रामीण पर्यटन प्रवर्धन

ग्रामीण पर्यटकीय गन्तव्यहरूको प्रचार-प्रसार र साइक्लिङ रुटको प्रवर्धन गर्ने उद्देश्यले बन्दीपुरमा साइक्लिङ प्रतियोगिता आयोजना गरिएको छ । बन्दीपुर गाउँपालिकाको आयोजना तथा नेपाल साइक्लिङ महासङ्घको प्राविधिक सहयोगमा प्रतियोगिता शनिबार सम्पन्न भएको हो । धरमपानीदेखि बन्दीपुर बजारसम्म करिब २२ किलोमिटर दूरी समेटिएको प्रतिस्पर्धामा काभ्रेका अच्युतकृष्ण खरेल प्रथम हुनुभयो । उहाँले दूरी एक घण्टा १९ मिनेट ८ सेकेन्डमा पूरा गर्नुभयो । तनहुँका सौगात अछामी द्वितीय तथा सुनसरीका सञ्जय राई तृतीय हुनुभयो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/205159**

## Crowds flock to Kamalpokhari on weekend

Kamalpokhari saw a heavy crowd on Saturday as people took advantage of the weekend to visit the area. the pond, pedestrian walkways and resting spaces have become more organised, making it increasingly attractive for visitors. in recent days, the spring-blooming jacaranda trees have added to the appeal, drawing crowds eager to capture photos and videos against the purple backdrop. बाँकी...

स्रोत : **https://kathmandupost.com/visual-stories/2026/05/10/crowds-flock-to-kamalpokhari-on-weekend**

## Get permits or shut down, tourism department tells adventure operators

The department of Tourism has warned operators running adventure and recreational sports activities without proper authorisation to immediately cease operations and obtain mandatory permits within 30 days, or face legal action under prevailing law. the notice, issued by the department's Adventure and Recreational Tourism section, covers a range of activities including bungee jumping, swing, canyoning, sky diving, zip-line, zip coaster, jet ski, motorboat, and similar sports. बाँकी...

स्रोत : **https://thehimalayantimes.com/nepal/get-permits-or-shut-down-tourism-department-tells-adventure-operators**

## Everest permits steady but revenue climbs to record

As many as 464 fee-paying climbers have been issued permits to scale Mount Everest this spring, making it the third-highest number on record. however, government earnings have reached an all-time high, with revenue touching Rs1.01 billion as of Wednesday. officials at the Department of Tourism say there is no fixed deadline for issuing permits, but most climbers secure them by the first week of May, barring a few late applications from professional expeditions. बाँकी...

स्रोत : **https://kathmandupost.com/money/2026/05/06/everest-permits-steady-but-revenue-climbs-to-record**

## मोदीको भाजपाले तोड्यो भारतको सबैभन्दा कठिन राजनीतिक किल्ला

वर्षौंसम्म, भारतको पश्चिम बंगाल राज्य नरेन्द्र मोदीको राजनीतिक उदयको लागि ठुलो अपवाद थियो । उनको भारतीय जनता पार्टी (भाजपा) ले भारतको हिन्दी भाषी क्षेत्रहरूमा वर्चस्व कायम गर्दै, पश्चिम र उत्तर-पूर्वमा विस्तार भएर एक समयका शक्तिशाली क्षेत्रीय प्रतिद्वन्द्वीहरूलाई पराजित गरेको थियो । तर पनि तर्कशील र सांस्कृतिक विशिष्टताको आत्म-छविमा डुबेको बंगाल भने जिद्दीका साथ प्रतिरोधी बनिरहेको थियो । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/560982/modis-bjp-breaks-indias-toughest-political-fortress**

## पश्चिम बंगालमा भारतीय जनता पार्टीलाई ऐतिहासिक सफलता

भारतको पश्चिम बंगाल राज्यमा भारतीय जनता पार्टी (भाजपा) बहुमततर्फ अग्रसर भएको छ । २ सय ९४ निर्वाचन क्षेत्रमध्ये २३ र २९ अप्रिलमा २ सय ९३ क्षेत्रमा निर्वाचन सम्पन्न भएको थियो । मतगणना जारी रहदाँ भाजपा १ सय ३८ क्षेत्रमा विजयी भइसकेको छ । त्यस्तै, ६९ क्षेत्रमा अघि छ । अहिलेको मतपरिणाम हेर्दा भाजपाले २ सयभन्दा धेरै सिट ल्याउने देखिन्छ । सन् २०२१ मा भाजपाले ७७ सिट जितेको थियो । बाँकी...

स्रोत : **https://ekantipur.com/world/2026/05/04/rise-of-vijaya-thalapathy-in-tamil-nadu-11-00.html**

## १५ वर्षपछि पश्चिम बंगालमा ढल्यो ममताको शासन, भाजपाको उदय

भारतका पाँच राज्यमा हालै भएको विधानसभा निर्वाचनमा मुख्यतः पश्चिम बंगाल र तमिलनाडुको परिणामले सबैको ध्यान खिचेको छ । केरलामा कंग्रेस सहितको गठबन्धनले बहुमत हासिल गर्ने देखिन्छ भने आसाममा भारतीय जनता पार्टीले (भाजपा) फेरि पनि सरकार बनाउने भएको छ । त्यस्तै पुडुचरीमा पनि भाजपा गठबन्धनले सरकार बनाउने भएको छ । तर ती सबै राज्यभन्दा ठूला पश्चिम बंगाल र तमिलनाडुको परिणामले सबैलाई अचम्ममा पारेको छ । यो समाचार तयार पार्दासम्म अन्तिम परिणाम घोषणा भएको छैन । तर दुई वर्षअघि चर्चित तमिल सुपरस्टार विजय थालापतिले खोलेको तमिझगा वेत्री कजगम (टिभिके) सबभन्दा ठूलो दल हुने भएको छ । बाँकी...

स्रोत : **https://www.setopati.com/politics/388228**

## पश्चिम बंगालमा पनि भाजपा सत्ता, मुख्यमन्त्री ममता बेनर्जी पराजित

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बेनर्जी विधानसभा निर्वाचनमा पराजित भएकी छिन् । भवानीपुरमा उनलाई भारतीय जनता पार्टी (भाजपा) का सुवेन्दु अधिकारीले झन्डै १५ हजार १ सय ५ मतले हराएको भारतीय सञ्चारमाध्यम टेलिग्राफ इन्डियाले जनाएको छ । सुवेन्दुले लगातार दोस्रोपटक ममतालाई हराएका हुन् । २०२१ को विधानसभा निर्वाचनमा नन्दीपुरबाट ममता सुवेन्दुसँगै पराजित भएकी थिइन् । बाँकी...स्रोत : **https://nepallive.com/story/346080**

## भाजपाको पोल्टामा पश्चिम बंगाल, कस्तो देखिँदैछ चुनावी नतिजा ?

पश्चिम बंगालमा सम्पन्न विधानसभा निर्वाचनको मत गणना जारी छ। हालसम्मको रुझान हेर्दा भारतीय जनता पार्टी (भाजपा) जितको नजिक पुगेको देखिएको छ । भाजपाले जितको खुसीयालीको तयारी पनि सुरु गरिसकेको छ। सन् २०११ देखि निरन्तर सत्तामा रहेकी ममता बनर्जी नेतृत्वको सर्वभारतीय तृणमूल कांग्रेस (टीएमसी)लाई पराजितलाई पछि पार्दै भाजपाले पहिलो पटक पश्चिम बंगालमा सरकार बनाउने अवस्था देखिएको हो । २९४ सदस्यीय विधानसभामा भाजपाले स्पष्ट बहुमतको आँकडा पार गरिरहँदा टीएमसी एक सय सिटभन्दा तल नै हुने देखिएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1924772/west-bengal-in-bjps-hands-what-are-the-election-results-looking-like**

## तमिलनाडुमा उदाएका विजय : फिल्मदेखि राजनीतिसम्म नायकत्वको यात्रा

भारतका दुई ठूला दलहरूबीच आलोपालो सत्ता परिवर्तन भइरहने तमिलनाडुको राजनीतिमा यसपटक एउटा नयाँ शक्ति तीव्र गतिमा उदय भएको छ । अभिनेता सी. जोसेफ विजय नेतृत्वको दलले स्थापित राजनीतिक समीकरणलाई चुनौती दिँदै सत्ताको बागडोर सम्हाल्ने बलियो सङ्केत देखाएको छ । पाँच राज्यको विधानसभा चुनावको परिणाम आउँदै गर्दा तमिलनाडुले देशकै राजनीतिमा नयाँ नेतृत्व र वैकल्पिक शक्तिको सन्देश दिएको छ। पछिल्लो चुनावी रुझानलाई हेर्दा विजय नै तमिलनाडुको आगामी मुख्यमन्त्री बन्ने सम्भावना प्रबल देखिएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1924744/vijay-who-emerged-in-tamil-nadu-a-journey-from-film-to-politics-to-heroism**

## सरकारले भारतबाट जीटूजीमार्फत ८० हजार मेट्रिक टन रासायनिक मल ल्याउने

सरकारले भारतबाट जीटूजी (सरकार-सरकार) मार्फत ८० हजार मेट्रिक टन रासायनिक मल खरिद गर्न सहमति दिएको छ । सोमबार बसेको मन्त्रीपरिषद् बैठकले ६० हजार मेट्रिक टन युरिया र २० हजार मेट्रिक टन डिएपी मल जिटुजीमार्फत खरिद गर्न कृषि सामग्री कम्पनी लिमिटेडलाई सैद्धान्तिक सहमति दिएको नेपाल सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले जानकारी दिए । बाँकी...

स्रोत : **https://himalpress.com/2026/05/government-to-import-80000-metric-tons-of-chemical-fertilizers-from-india-through-g2g/**

## भारत-चीनको सहमतिप्रति कांग्रेसको आपत्ति, सरकारले पठाएको कूटनीतिक नोटप्रति सकारात्मक

नेपाली कांग्रेसले सुकुम्वासी बस्तीमा बल प्रयोग गरेर डोजर चलाउने कार्यको विरोध जनाएको छ । सोमबार बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकले सुकुम्वासी बस्तीमा बल प्रयोग गरेर डोजर चलाउने कार्यलाई सरकारको क्रुर र अमानवीय कदम भनेको हो । संविधान र कानुनले देखाएको बाटोलाई पूर्णतः उपेक्षा गर्दै संवेदनशील विषयलाई बलपूर्वक र अमानवीय ढङ्गले समाधान गर्न खोज्नु विडम्बनापूर्ण भएको कांग्रेसको भनाइ छ । बाँकी...

स्रोत : **https://www.kathmandupati.com/news/congress-840/408672/**

## नेपाल-भारत सीमा विवाद : संवादको ढोका खोल्ने अवसर

नेपाली भूमि लिपुलेक हुँदै भारतले कैलाश मानसरोवर यात्रा खुला गरेपछि नेपाल सरकारले बिहीबार वैशाख २० दुवै छिमेकीलाई कूटनीतिक नोट पठायो। नोट पठाएको सार्वजनिक भएको केही बेरमै भारतले प्रतिक्रिया जनायो। भारतको विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले लिपुलेक पास हुँदै जाने कैलाश मानसरोवर यात्रा सन् १९५४ देखि निरन्तर चलिरहेको पुरानो मार्ग भएको र यो कुनै नयाँ विषय नभएको दाबी गरे । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1924655/nepal-india-border-dispute-an-opportunity-to-open-the-door-to-dialogue**

## सीमा विवादमा पटक-पटक कूटनीतिक नोट : किन छैन नेपाल-भारत संवाद ?

२०७२ सालमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणका क्रममा लिपुलेक पास हुँदै व्यापारिक मार्ग खोल्ने सहमति भयो । नेपालले भने यो सहमतिलाई आफ्नो भूमिमाथिको अनधिकृत सम्झौताका रूपमा लियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1925344/repeated-diplomatic-notes-on-border-dispute-why-is-there-no-nepal-india-dialogue**

## भारतको प्रतिक्रियापछि सरकारले दोहोऱ्यायो : कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपाली भूमि

सरकारले कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालको भूमि रहेको अडानलाई दोहोऱ्याएको छ। सरकारका प्रवक्ता शिक्षामन्त्री सस्मित पोखरेलले सोमबार लिम्पियाधुरासम्मको भूमि नेपालको रहेकामा सरकार स्पष्ट रहेको बताएका छन् । साथै, उनले सीमा समस्याको समाधान वार्ताबाट गर्न सरकार प्रतिबद्ध रहेकोसमेत जनाएका छन् । बाँकी... स्रोत : **https://ekantipur.com/news/2026/05/04/after-indias-response-the-government-reiterated-kalapani-lipulekh-and-limpiyadhura-are-nepali-territory-12-13.html**

स्रोत : **https://ekantipur.com/news/2026/05/04/seven-former-ambassadors-appeal-to-india-and-china-to-respect-nepals-sovereignty-38-50.html**

स्रोत : **https://ekantipur.com/news/2026/05/04/the-route-to-kailash-mansarovar-via-lipulekh-is-old-india-28-24.html**

## भारतीय विदेश सचिव विक्रम मिस्रीको नेपाल भ्रमण अचानक किन रोकियो ?

भारतका विदेश सचिव विक्रम मिस्रीको तय भएको नेपाल भ्रमण स्थगित गरिएको छ । भारतकै तर्फबाट यो भ्रमण स्थगित गरिएको सीएनएन न्युज-१८ ले साउथ ब्लकलाई उदृत गर्दै समाचारमा उल्लेख गरेको छ । कूटनीतिक र प्राविधिक कारण देखाउँदै भ्रमण तत्कालका लागि स्थगित गरिएको भनिएको छ, तर भ्रमण रोकिएको आधिकारिक विस्तृत कारण भने सार्वजनिक गरिएको छैन । रिपोर्टअनुसार, मिस्रीको भ्रमणका क्रममा नेपाल-भारत सम्बन्ध, ऊर्जा, व्यापार, कनेक्टिभिटी तथा क्षेत्रीय सहकार्यका विषयमा उच्चस्तरीय छलफल हुने अपेक्षा गरिएको थियो । भ्रमणको नयाँ मिति भने अझ तय नभएको बताइएको छ । बाँकी... स्रोत : **https://www.nepalpress.com/2026/05/10/722595/why-was-indian-foreign-secretary-vikram-misris-visit-to-nepal-suddenly-canceled/**

## सीमा विवादबारे सरकार- भारतलाई कूटनीतिक नोट पठाइसक्यौं, चाँडै वार्ता हुन्छ

सरकारले सीमा समस्या समाधान गर्नको लागि भारतसँग कूटनीतिक संवादबारे पनि सरकारले आवश्यक प्रक्रिया अघि बढाइसकेको जनाएको छ । आज बसेको मन्त्रिपरिषद् बैठकपछि सरकारका प्रवक्ता सस्मित पोखरेल परराष्ट्र मन्त्रालयले भारत सरकारलाई कूटनीतिक नोट पठाइसकेको बताए । दुई देशबीच संवाद सुरु भइसकेको र परराष्ट्र मन्त्रालयले आवश्यक काम कारबाही अगाडि बढाइरहेको बताए । उनले भने, 'डिप्लोमेटिक नोट अनुसार दुई देशबीच संवाद भइरहेको छ । वार्ता हुन्छ ।' बाँकी...

स्रोत : **https://www.nepalpress.com/2026/05/08/722075/government-has-sent-a-diplomatic-note-to-india-regarding-the-border-dispute-talks-will-take-place-soon/**

## विजयले तमिलनाडुको मुख्यमन्त्रीमा सपथ लिँदै गरे यी तिन घोषणा

जोसेफ विजय नेतृत्वको तमिलगा वेत्री कझगम (टिवीके) का अध्यक्ष विजयले आइतबार तमिलनाडुको मुख्यमन्त्री पदको शपथ लिएका छन् । यससँगै राज्यमा करिब छ दशकदेखि जारी दुई प्रमुख द्रविड दल डीएमके र एआईएडीएमके पालैपालो सत्तामा आउने क्रम अन्त्य भएको छ । मुख्यमन्त्री बनेलगत्तै विजयले मञ्चमै तीन वटा आदेशमा हस्ताक्षर गरेका छन् । ती आदेशमा प्रत्येक घरलाई २०० युनिटसम्म निःशुल्क बिजुली उपलब्ध गराउने, लागुऔषध समस्यासँग जुध्न हरेक जिल्लामा विशेष बल गठन गर्ने तथा महिलाको सुरक्षाका लागि विशेष टास्क फोर्स बनाउने विषय समावेश छन् । बाँकी...

स्रोत : **https://www.nepalpress.com/2026/05/10/722607/vijay-made-these-three-announcements-while-taking-oath-as-the-chief-minister-of-tamil-nadu/**

## बंगालमा पहिलो पटक भाजपा सरकार- असममा ह्याट्रिक, तमिलनाडुमा विजयको चमत्कार

भारतका पाँच राज्यमा सम्पन्न विधानसभा निर्वाचनको नतिजाले देशको राजनीतिक परिदृश्यमा ठूलो उथलपुथल ल्याएको छ । चुनावी परिणामसँगै पश्चिम बंगाल, तमिलनाडु र केरलामा सत्ता परिवर्तन हुने निश्चित भएको छ भने आसाम र पुडुचेरीमा भारतीय जनता पार्टी नेतृत्वको एनडीए गठबन्धन सत्तामा फर्किएको छ । बाँकी... स्रोत : **https://lokaantar.com/story/318729/2026/5/5/india-election-/**

## ५० वर्षपछि भारतका कुनै पनि राज्यमा रहेन वामपन्थी सरकार, केरलमा कांग्रेसको जित

५० वर्षमा पहिलोपटक भारतका कुनै पनि राज्यमा वामपन्थीको सरकार नरहने भएको छ । वामपन्थी दलहरूको अन्तिम बलियो आधार मानिएको केरल पनि यसपटक उनीहरूको हातबाट फुस्किएको छ । विधानसभा निर्वाचनबाट केरल राज्यको सत्तामा कांग्रेस नेतृत्वको यूडीएफ गठबन्धन १० वर्षपछि फर्किएको छ । कुल १४० सिट रहेको केरलमा कांग्रेस पार्टी एक्लैले ६३ सिट जितेको छ । कांग्रेसको सहयोगी इन्डियन युनियन मुस्लिम लीगले २२ सिट जितिसकेको छ भने सहयोगी अन्य दलले १७ सिट हासिल गरेका छन् ।बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1924859/after-50-years-no-left-wing-government-remains-in-any-state-in-india-congress-wins-in-kerala**

## सगरमाथा : शक्ति राष्ट्रहरूको प्रविधि परीक्षणस्थल

नेपाल-चीन सीमामा अवस्थित सर्वोच्च शिखर सगरमाथाले विगत एक शताब्दीभन्दा बढी समयदेखि प्रविधि परीक्षण, अन्वेषण, प्रतिस्पर्धा, राष्ट्रिय गौरव र आधुनिक प्रविधिको भूराजनीतिक प्रयोगलाई एउटै शिखरमा जोडेको छ । सगरमाथा आधारशिविरमा शुक्रबारमात्रै बिना अनुमति एक अमेरिकन कम्पनीले गह्रौं भारी बोक्न सक्ने ड्रोन परीक्षण गर्न खोजेको पुष्टि भएपछि सरकारी अधिकारीहरूले उक्त परीक्षणलाई रोकेको समाचार प्रसारण/प्रकाशन भएका छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1923653/mount-everest-a-technological-testing-ground-for-powerful-nations**

## सुरु हुँदै कैलाश-मानसरोवर तीर्थयात्रा, ५ हजारले गरे बुकिङ

भारतीय तीर्थयात्रीका लागि कैलाश-मानसरोवर तीर्थयात्राको सिजन सुरु भएको छ। आगामी सातादेखि तीर्थयात्रा सुरु गर्ने गरी व्यवसायीले धमाधम 'बुकिङ' लिइरहेका छन्। व्यवसायीका अनुसार अहिलेसम्म झन्डै ५ हजार जनाले तीर्थयात्राका लागि 'ट्राभल बुकिङ' गराइसकेका छन्। कैलाश-मानसरोवर तीर्थयात्राका लागि नेपालको रसुवाको केरुङ र हुम्लाको हिल्सा नाका हुँदै तीर्थयात्रीहरू सडक मार्ग भएर जाने गरेका छन्। सिन्धुपाल्चोकको तातोपानी नाका अहिले बन्द छ भने केही तीर्थयात्रीले चीनको ल्हासा भएर हवाई मार्गबाट पनि मानसरोवर यात्रा गर्ने गरेका छन्। बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/05/06/kailash-mansarovar-pilgrimage-begins-5000-people-have-made-bookings-54-18.html**

## लिपुलेक नेपालकै भूमि हो : सरकारका प्रवक्ता

नेपाल सरकारले लिपुलेकलगायत सीमा विवादका विषयमा आफ्नो अडान स्पष्ट रहेको र ती क्षेत्र नेपाली भूमि भएको विषयमा सरकार पूर्ण प्रतिबद्ध रहेको जनाएको छ । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता सस्मित पोखरेलले सञ्चारकर्मीसँगको कुराकानीमा सीमा विवादसम्बन्धी विषयमा परराष्ट्र मन्त्रालयले आफ्नो आधिकारिक धारणा सार्वजनिक गरिसकेको जानकारी दिनुभयो । उहाँले यो विषय अब दुई देशबिचको सहकार्य र कूटनीतिक संवादमार्फत समाधान निकाल्ने विषय भएको स्पष्ट पार्नुभयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/204284**

## लिपुलेक समस्या कूटनीतिक माध्यमबाट समाधान गर्न नेपाल प्रतिबद्ध छ : परराष्ट्र मन्त्रालय

परराष्ट्र मन्त्रालयले लिम्पियाधुरा, लिपुलेक र कालकापानी क्षेत्रको सीमा समस्या कूटनीतिक माध्यमबाट समाधान गर्न नेपाल सरकार प्रतिबद्ध रहेको बताएको छ। शुक्रबार परराष्ट्र मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले लिपुलेक क्षेत्रको सीमा समस्याबारे नेपाल सरकार प्रष्ट रहेको बताएका हुन्। 'लिपुलेकका विषयमा हामीले हाम्रो धारणा सार्वजनिक गरिसकेका छौं। नेपाली भूमि लिपुलेक हुँदै भारत र चीनबीच सञ्चालन हुने भनिएको कैलाशमान सरोवर यात्राका सन्दर्भमा हामीले २०८३ वैशाख २० गते हाम्रो धारणा सार्वजनिक गरेका छौं,' उनले भने, '१८१६ को सुगौली सन्धिबाट नै महाकाली पूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको तथ्यमा नेपाल सरकार पूर्णतः स्पष्ट र अडिग रहेको हामीले उल्लेख गरेका छौं।' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1927256/nepal-is-committed-to-resolving-the-lipulekh-issue-through-diplomatic-means-ministry-of-foreign-affairs**

## भन्सार कडाइसँगै भद्रपुर बजारमा चहलपहल; व्यापार ४० प्रतिशतले बढ्यो, भारतीय बजार सुनसान

कुनै समय देशकै प्रमुख व्यापारिक केन्द्र मानिने तर लामो समयदेखि सुनसान रहँदै आएको झापाको पुरानो सहर भद्रपुर बजारमा यतिबेला भने चहलपहल बढ्न थालेको छ। नेपाल सरकारले सीमावर्ती भन्सार नाकामा कडाइ गरेसँगै उपभोक्ताहरू स्वदेशी बजारतर्फ फर्किन थालेका छन्। यसबाट स्थानीय नेपाली व्यवसायीहरू खुसी भएका छन्। लामो समयदेखि भारतीय बजारमा निर्भर रहेका उपभोक्ता र व्यापारीहरू क्रमशः स्वदेशी बजारतर्फ फर्किन थालेपछि भद्रपुरको व्यापारमा सकारात्मक सङ्केत देखिएको छ। भारततर्फबाट नेपाल ल्याउँदा एक सयभन्दा बढीका सामानमा भन्सार लाग्ने भएपछि नेपालतर्फबाट बजार चलायमान हुन थालेको स्थानीयहरु बताउँछन्। बाँकी...

स्रोत : **https://ukeraa.com/news/detail/174509/**

## नेपालमा बढ्दो पपुलिज्म राजनीति : नयाँ विकल्प कि लोकतन्त्रलाई खतरा ?

'पपुलिज्म' अर्थात् लोकप्रियतावाद नेपाली राजनीतिमा पछिल्ला केही वर्षयता बारम्बार सुनिने गरेको शब्द हो । यो शब्द राजनीतिक शब्दावलीमा मात्र सीमित छैन । अहिले हरेक चिया पसल, सामाजिक सञ्जाल र दैनिक राजनीतिक विश्लेषणको केन्द्रमा छ । पपुलिज्मलाई सामान्य अर्थमा बुझ्दा जनताको भावनामा आधारित राजनीति भन्न सकिन्छ तर व्यवहारमा यसको स्वरूप निकै जटिल छ । जब परम्परागत राजनीतिक शैली वा दलहरूप्रति जनताको भरोसा टुट्न थाल्छ, राज्य संयन्त्रप्रति निराशा बढ्छ र नेतृत्वप्रति वितृष्णा फैलिन्छ तब एक प्रकारको नयाँ राजनीतिक लहरको जन्म हुन्छ । नेपाल अहिले ठ्याक्कै त्यस्तै मोडमा उभिएको देखिन्छ । बाँकी... स्रोत : **https://baahrakhari.com/detail/486452**

## कुनै पनि नागरिक घरबारविहीन हुने अवस्था सिर्जना हुन दिइने छैन : प्रधानमन्त्री शाह

प्रधानमन्त्री बालेन्द्र शाहले सुकुम्बासी बस्ती हटाउन चालिएका कदमहरू नागरिक हटाउने उद्देश्यले नभई आवासको हक सुनिश्चित गर्दै समस्याको स्थायी समाधान खोज्नका लागि भएको बताएका छन् । पछिल्लो समय यस विषयमा विभिन्न टिप्पणी र व्याख्या सार्वजनिक भइरहेका बेला उनले फेसबुकमार्फत आफ्नो धारणा सार्वजनिक गरेका हुन् । प्रधानमन्त्री शाहले अव्यवस्थित बसोबासमा रहेका नागरिकहरूबीच उठिबास हुने त्रास फैलाउने प्रयास भइरहेकोप्रति सरकार गम्भीर रहेको उल्लेख गरेका छन् ।

बाँकी... स्रोत : **https://ekantipur.com/politics/2026/05/04/no-citizen-will-be-allowed-to-become-homeless-prime-minister-shah-29-53.html**

स्रोत : **https://ukeraa.com/news/detail/174507/**

स्रोत : **https://gorkhapatraonline.com/news/204274**

## संवैधानिक परिषद्सम्बन्धी अध्यादेश फिर्ता : बहुमतको व्याख्यामा राष्ट्रपतिको सरोकार

राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्ने अध्यादेश आइतबार फिर्ता पठाएका छन्। परिषद्को निर्णय प्रक्रियामा चाहिने बहुमतको व्याख्यामा मुख्य सरोकार राख्दै राष्ट्रपतिले पुनर्विचारका लागि अध्यादेश सरकारलाई फिर्ता गरेका हुन्। बाँकी... स्रोत : **https://ekantipur.com/politics/2026/05/04/withdrawal-of-the-ordinance-on-the-constitutional-council-presidents-concern-over-the-interpretation-of-the-majority-19-20.html**

## विभेद बढार्न निस्किएकी 'कुचीकार'

'सारङ्गी रेटेर आफ्नै जिन्दगी र आफूले भोगेको चरम विभेदको गीत गाउँदै हिंड्ने हो भने मेरा बाले गाउने गीत सबैभन्दा दर्दनाक र विरहको हुन्थ्यो होला', सुमित्रा गायक बाल्यकालमा यस्तै सोच्थिन् । तर, उनका बाबु वीरबहादुरले कहिल्यै आफ्ना दुःखका गीत गाएनन् । उनले त सारङ्गी बजाउँदै गाउँ-समाजमा अरूकै कर्खा (वीरगाथा) सुनाउँदै हिंडे । जुन कर्खाले लडाइँका लाहुरेको कथा भन्थे, मुग्लान पुऱ्याइएकी चेलीको व्यथा भन्थे। आफ्ना अभाव, दुःख र चरम जातीय विभेदलाई पैतालामुनि कुल्चिएर सुमित्राका बाबुले जीवनभर अरूकै प्रशस्तिका गीत गाइरहे । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/personality/kuchikar-set-out-to-increase-discrimination**

## स्थानीय निर्वाचन : रास्वपाका आकांक्षी नैतिकवान हुनुपर्ने, सहकारीको बचत अपचलन नगरेको स्वघोषणा गर्नुपर्ने

रास्वपाले स्थानीय तहको निर्वाचनमा निष्ठा, नैतिकता र सार्वजनिक आचरणलाई उम्मेदवार छनोटको आधार बनाउने भएको छ । उम्मेदवारको लोकप्रियता वा चुनावी सम्भावनालाई मात्र नभई उसको सार्वजनिक आचरण, इमान्दारी, वित्तीय पारदर्शिता, स्वार्थको द्वन्द्वबाट मुक्त अवस्था, कानुनी तथा सामाजिक विश्वसनीयता लोकतान्त्रिक संस्कारलाई पनि मूल्यांकनको महत्वपूर्ण आधार बनाइने रास्वपाले जनाएको छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1923955/local-elections-rsvp-aspirants-must-be-ethical-self-declare-not-to-embezzle-cooperative-savings**

## सालनाल गाडिएको माटोमा अधिकार किन नदिने ?

मानिसहरू विविध कारणले बसाइँ सर्न बाध्य भएका हुन्छन् । बसाइँ सरेका देशहरूमा आउने अनेक झन्झटबाट मुक्त हुन पनि उनीहरूले विदेशी नागरिकता लिनुपरेको हुनसक्छ; त्यसो भन्दैमा आमाले सालनाल काटेर गाडेको ठाउँको मोह त्याग्न सकिन्छ र ? रास्वपाको सरकार खरायोको गतिमा दौडिएको भान हुन्छ; पाठकहरूले पक्कै पढ्नुभएको होला, 'खरायो र कछुवा' को कथा । कथाअनुसार, निरन्तर हिंडिरहने कछुवाले आफूलाई 'छिटो र बाठो' ठान्दै खुरूरू दौडिँदै, एकछिन रामरमितामा रमाउन दौड बिसाउने गर्दागर्दै, खरायोलाई हराएर दौड जितेको पढ्न पाइन्छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1923941/why-not-give-them-rights-to-the-soil-where-salnal-is-buried**

## मन्त्रिपरिषद बैठक बस्दै, मन्त्रालय मर्ज र खारेजसम्बन्धी खाका पेस गर्ने तयारी

मन्त्रिपरिषद बैठक आज बस्दैछ । बैठक बिहान साढे १० बजे बोलाइएको छ । आजको मन्त्रिपरिषद बैठकमा मन्त्रालय मर्ज र खारेज सम्बन्धी खाकाबारे छलफल हुने स्रोतले जनाएको छ । सरकारले केही मन्त्रालय खारेज र केहीलाई गाभेर नयाँ नाम कायम गर्नेगरी तयारी अघि बढाएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय निकट स्रोतले दिएको जानकारी अनुसार हालका चार मन्त्रालय खारेज हुँदैछन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1923919/council-of-ministers-meeting-underway-preparing-to-submit-blueprint-for-merging-and-abolishing-ministries**

## संविधानको जगेर्नाका लागि भन्दै संवैधानिक परिषद्सम्बन्धी अध्यादेश फिर्ता

राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश सरकारलाई फिर्ता पठाउनुभएको छ । राष्ट्रपति पौडेलले महत्वपूर्ण कानुनी परामर्शपछि सरकारलाई पुनर्विचार गर्न भन्दै अध्यादेश फिर्ता गर्नुभएको हो । संवैधानिक परिषद्ले गर्ने निर्णय संविधानअनुसार नै बहुमतबाट गर्नुपर्नेमा सरकारले अध्यादेशमार्फत ३ जनाले मात्रै पनि निर्णय गर्न सकिने बनाउन खोजेपछि राष्ट्रपतिले संविधानको जेगेर्ना गर्नकै लागि सो अध्यादेश फिर्ता गर्नुभएको राष्ट्रपति कार्यालय शीतल निवास स्रोतले जानकारी दियो । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/05/04/766725/**

## यस्तो बन्यो उद्योग वाणिज्य महासंघको नयाँ कार्यसमिति

उद्योग-व्यवसायीहरूको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघमा नयाँ कार्यसमिति चयन भएको छ । विद्यमान विधानको प्रावधान अनुसार महासंघ नेतृत्वमा अञ्जन श्रेष्ठ स्वतः पुगेका छन् । उनी चन्द्रप्रसाद ढकाल नेतृत्वको निवर्तमान कार्यसमितिमा वरिष्ठ उपाध्यक्ष थिए । महासंघको ६०औं साधारणसभा तथा निर्वाचनबाट नयाँ कार्यसमिति चयन भएको हो । अध्यक्ष श्रेष्ठको कार्यकाल तीन वर्षको हुनेछ । यस पटक जिल्ला, नगर उद्योग वाणिज्य समूहतर्फ दुई उपाध्यक्षमा कृष्णप्रसाद शर्मा र दिलसुन्दर श्रेष्ठ विजयी भए । उनीहरूले क्रमशः ८७ र ८० मत पाए । उनीहरूका प्रतिस्पर्धी उमेश डालमिया र कल्पना गैरेले क्रमशः ५७ र ३४ मत पाए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1925887/the-final-results-of-the-federation-of-nepalese-chambers-of-commerce-and-industry-election-have-been-made-public-this-is-how-the-working-committee-was-formed**

## एमाले सांसद लक्ष्मीप्रसादले बँदेल मार्नुपर्छ भनेपछि रास्वपाकी आशिका तामाङको प्रतिवाद

जंगली बँदेल मार्न पाउनुपर्ने र मार्न नहुने विषयमा सांसदहरूबीच भनाभन भएको छ । नेकपा एमालेका सांसद लक्ष्मीप्रसाद पोखरेलले किसानको बालीनाली जोगाउन जंगली बँदले मार्नुपर्ने प्रस्ताव राखेपछि रास्वपाकी सांसद आशिका तामाङले प्रतिवाद गरेकी हुन् । प्रतिनिधिसभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा एमाले सांसद पोखरेलले बँदेल नियन्त्रण गर्न मार्न दिनुपर्ने बताएका थिए । त्यसपछि केहीबेर तामाङ र पोखरेलबीच सवाल जवाफ नै भयो ।बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1925865/ashika-tamang-of-the-rashtriya-swayamsevak-sangh-rss-responds-to-uml-mp-laxmi-prasads-call-to-kill-boars**

## देउवा र कोइराला समूहले असन्तुष्टि जनाएको क्रियाशील सदस्यता अद्यावधिकबारे छलफल हुने

प्रमुख प्रतिपक्षी दल कांग्रेसमा गुटगत गतिविधि भइरहेका वेला संस्थापन पक्षले समसामयिक राजनीतिक विषय र आन्तरिक व्यवस्थापनका विषयमा निर्णय लिन केन्द्रीय कार्यसम्पादन समिति बैठक बोलाएको छ। केन्द्रीय कार्यालय सानेपामा सोमबार दिउँसो १ बजे बस्ने गरी बैठक बोलाइएको छ। बैठकमा केन्द्रीय कार्यसम्पादन समितिका पदाधिकारी एवं सदस्यहरूलाई उपस्थितिका लागि सूचित गरिएको छ। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/194173/2026-05-04**

## नाफाका लागि बालबालिकाको गोपनीयता बेच्दै अभिभावक

हिजोआज बालबच्चाले पहिलो पाइला चाल्नुअघि नै डिजिटल माध्यममा तिनको फोटो र भिडियोले संसारको चक्कर लगाइसकेको हुन्छ। केही आमाबाबुले त अझ गर्भको भिडियो एक्स-रेको फोटोलाई 'पहिलो नजरमै प्रेम!' जस्ता क्याप्सन राखेर सामाजिक सञ्जालमा पोस्ट गरेको देखिन्छ। बच्चा जन्मन पाएको हुँदैन, केही घण्टाभित्रै विभिन्न सामाजिक सञ्जाल प्ल्याटफर्ममा नवजात शिशुका तस्बिर फैलिइसक्छ। 'सेयरेन्टिङ (सेयर र प्यालेन्टिङको योगबाट बनेको शब्द)'को यो प्रचलनका कारण पश्चिमी देशमा अहिले जन्मिने चारमध्ये एक बच्चाको जन्मअघि नै सामाजिक सञ्जालमा उपस्थिति भइसकेको हुने धेरै उल्लेख हुने तथ्यांकले देखाउँछ। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/194061/2026-05-02**

## संघमा १७ मात्रै मन्त्रालय राख्न प्रस्ताव

अब संघीय सरकारमा १७ वटा मात्र मन्त्रालय हुने भएको छ। प्रधानमन्त्री वालेन्द्र शाहले मन्त्रालय पुनःसंरचनाका लागि गठन गरेको समितिले हाल विद्यमान २१ मन्त्रालयमध्ये चार वटालाई कटौती गरेर संघीय सरकारलाई १७ मन्त्रालयमा मात्र सीमित गर्न प्रस्ताव गरेको हो। उक्त प्रस्तावअनुसार मन्त्रालय संख्या कटौती गर्ने सरकारको तयारी रहेको प्रधानमन्त्री सचिवालयका अधिकारीहरूको भनाइ छ। चार मन्त्रालय कटौती हुँदा मात्र पनि राष्ट्रिय ढुकुटीमा वार्षिक १६ देखि २० अर्ब रुपैयाँ बचत हुने अर्थविद्हरूको भनाइ छ। बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/05/06/proposal-to-have-only-17-ministries-in-the-union-18-06.html**

## सरकार-निजी क्षेत्र परिपूरक हुन् भन्ने स्थापित भएको छ

नेपाल उद्योग वाणिज्य महासङ्घको ६० औँ वार्षिक साधारण सभा सोमबार र मङ्गलबार हुँदै छ । सभाले संस्थाको नयाँ कार्यसमिति चयन गर्दै छ । महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल आफ्नो तीनबर्से कार्यकाल पूरा गरी उक्त जिम्मेवारीबाट अलग हुँदै हुनुहुन्छ । अध्यक्षका रूपमा उहाँको कार्यकाल, सरकारसँगको सहकार्य, नेपालमा लगानीको सम्भावना र अबका योजनाका सन्दर्भमा केन्द्रित रहेर गोरखापत्रका लागि विश्वास रेग्मी र गोपालचन्द्र सुवेदीले ढकालसँग गर्नुभएको कुराकानीको सम्पादित अंश : बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/204211**

## राष्ट्रपति-सरकार टकराबको संकेत

संवैधानिक परिषद्सम्बन्धी अध्यादेशलाई लिएर सरकार र राष्ट्रपतिबीच असामान्य तनाबको संकेत देखिएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले अध्ययन र कानुनी परामर्शपछि फिर्ता पठाएको अध्यादेशलाई सरकारले पुनः जस्ताको त्यस्तै स्वीकृतिका लागि पठाउने निर्णय गरेपछि यो अवस्था सिर्जना भएको हो । राष्ट्रपतिले आइतबार उक्त अध्यादेश पुनर्विचारका लागि सरकारलाई फिर्ता पठाउनुभएको थियो । तर, त्यसको भोलिपल्टै सोमवार प्रधानमन्त्री बालेन्द्र शाहको अध्यक्षतामा बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले सोही अध्यादेश पुनः जस्ताको तस्तै राष्ट्रपतिसमक्ष पठाउने निर्णय गरेको हो । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/05/05/766838/**

## काठमाडौंको घर बेचेर गाउँमा उद्यम, २ करोड लगानीमा फार्मस्टे सञ्चालन

सुविधा र अवसरको खोजीमा गाउँ छाडेर शहर र विदेश पस्नेहरूको लहर जारी छ । तर तनहुँको भानु नगरपालिका-९ चितीकी गीता अधिकारी भने काठमाडौं सतुंगलको अढाइतले घर बेचेर गाउँमा फार्म स्टे चलाइरहेकी छिन् । गाउँ छाडेको झण्डै २५ वर्षपछि गाउँमै फर्किएकी गीताले तनहुँको अर्चलधारा भन्ने ठाउँबाट करिब डेढ किलोमिटर भित्र 'ग्रीन हिमालय फार्म स्टे' सन्चालन गरेकी छन् । 'सुरुमा सामान्य हिसाबले गाउँमै बस्ने, तरकारी फलफूल रोप्ने मात्रै योजना थियो तर पछि गाउँमा बस्दा नयाँ केही गरौं भन्ने सोच आयो र परम्परागत घरलाई मर्मत गरेर झण्डै २ करोड लगानी गरी फार्म स्टे सञ्चालन गरेँ,' उनले भनिन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1926242/selling-a-house-in-kathmandu-to-start-a-business-in-the-village-operating-a-farm-stay-with-an-investment-of-20-million**

## सञ्जाल युगको प्रेस

प्रत्येक वर्ष मे ३ का दिन अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता दिवस मनाउने गरिन्छ। यो वर्ष आइतबार यो दिवस यहाँका सरोकारवाला निकाय र पत्रकार जगत्ले मनाएको छ । विशेष गरी नेपाल पत्रकार महासंघको अगुवाइमा प्रभातफेरीलगायतका कार्यक्रम आयोजना गरेर यसको महत्ता समाजलाई बुझाउने कोसिस भएको छ । संसारभरि बितेको वर्ष प्रेस जगत्का निम्ति विषम रह्यो। प्रेस स्वतन्त्रताका निम्ति क्रियाशील संस्था रिपोटर्स विथआउट बोर्डर्स (आरएसएफ) ले सार्वजनिक गरेको सन् २०२६ प्रेस स्वतन्त्रता सूचीअनुसार विश्वव्यापी रूपमा प्रेस स्वतन्त्रता सबैभन्दा तल्लो बिन्दुमा पुगेको छ । बितेका २५ वर्षमा यो सबैभन्दा न्यून विन्दु हो । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/editorial/the-press-of-the-network-age-10-78.html**

## संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी : अब आधा पदाधिकारीले पनि निर्णय गर्न सक्ने

राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी अध्यादेश मंगलबार जारी गरेका छन्। आइतबार फिर्ता गरिएको अध्यादेश यथास्थितिमै दोहोर्‍याएर सिफारिस गरिएपछि राष्ट्रपतिले जारी गरेका हुन्। अध्यादेश जारी भएसँगै राष्ट्रपति र सरकारबीच लामो समयदेखि पेचिलो बन्दै आएको संवैधानिक परिषद्को बैठकसम्बन्धी कार्यविधिबारे विवाद तत्काललाई समाधान भएको छ। बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/05/06/ordinance-on-constitutional-council-issued-now-even-half-of-the-officials-can-make-decisions-26-08.html**

## नेपालमा शिक्षा सुधार : विकसित देशका अभ्यासबाट किन नसिक्ने ?

नेपालको वर्तमान राजनीतिक तथा सामाजिक परिदृश्य लामो समयदेखि सञ्चित असन्तोष, संरचनात्मक कमजोरी र जनउपेक्षाबाट उत्पन्न असन्तुष्टिको उच्च दबाब बीच विकसित भएको देखिन्छ । देशमा व्याप्त भ्रष्टाचार, ढिलासुस्ती, नेतावाद, नातावाद/नेपोबेबी संस्कृति, बेरोजगारी तथा युवा पलायन जस्ता गम्भीर समस्याले नागरिकमा निराशा बढाएको छ र परिवर्तनप्रतिको तीव्र आकांक्षा समेत बढ्दो छ । यही पृष्ठभूमिमा, नेपाली जेनजी युवाले २३ र २४ भदौ २०८२ मा गरेको प्रदर्शन तथा त्यससँग सम्बन्धित राजनीतिक घटनाक्रमहरूलाई 'जनआक्रोशको विस्फोट' का रूपमा लिन सकिन्छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1925556/education-reform-in-nepal-why-not-learn-from-the-practices-of-developed-countries**

## सहकारीपीडितलाई बचत फिर्ता गरिँदै

सरकारले सहकारी संस्थामा बचत गरेर रकम फिर्ता नपाएका पीडितलाई आगामी जेठ पहिलो सातादेखि बचत फिर्ता दिन सुरु गर्ने भएको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले आवश्यक कार्यविधि तयार गरी कार्यान्वयन चरणमा लैजाने तयारी पूरा गरेको जनाएको छ । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले आयोजना गरेको पत्रकार सम्मेलनमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले आगामी जेठको पहिलो साताबाट बचत फिर्ता प्रक्रिया औपचारिक रूपमा सुरु गरिने जानकारी दिनुभयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/204496**

## उपभोक्ताको भरोसा

नेपालको संविधान २०७२ को धारा ४४ मा उपभोक्ता हितलाई मौलिक हकका रूपमा सुनिश्चित गरिएको छ । यद्यपि व्यवहारमा बजार संयन्त्र अझै पनि कार्टेलिङ, एकाधिकार, मिसावट र कृत्रिम अभाव जस्ता समस्याबाट मुक्त हुन सकेको छैन । आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तर्जुमा भइरहँदा आपूर्ति व्यवस्थालाई सहज, सरल र उपभोक्तामैत्री बनाउन राज्यले परम्परागत शैलीभन्दा माथि उठेर संरचनागत सुधार गर्नु आवश्यक छ । अनि मात्र संविधानप्रदत्त मौलिक हक सुनिश्चित भएको विधिको शासन र कानुनी राज्यको अनुभूति हुन्छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/204681**

## आगामी बजेट कस्तो आउनुपर्ला ?

फागुन २१ को संघीय संसद् निर्वाचनमार्फत दुई तिहाइ नजिकको सिट जितेर सत्तामा आएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आगामी जेठ १५ मा पहिलो पटक बजेट ल्याउँदैछ । निर्वाचनमा अपार जनसमर्थन पाएको रास्वपाले वरिष्ठ अर्थशास्त्री डा. स्वर्णीम वाग्लेलाई अर्थमन्त्री बनाएपछि उनले बजेट कस्तो ल्याउँछन् भन्ने कौतूहल सबैमा छ । अहिले अर्थ मन्त्रालय बजेट लेखनमा व्यस्त भएको बेला आगामी बजेट कस्तो ल्याउनुपर्छ भनेर कारोबारले केही अर्थशास्त्रीहरुसँग जिज्ञासा राखेको छ। यस्तो छ उनीहरुको धारणा । राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. शिवराज अधिकारी बजेटले अर्थतन्त्रको सामान्य विस्तारमा मात्र सीमित नभई संरचनात्मक परिवर्तनलाई प्राथमिकता दिनुपर्ने बताउँछन्। बाँकी...

स्रोत : **https://www.karobardaily.com/news/372278**

## संघीयताको आधार

संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी, लोकतन्त्र र विधिको शासन संविधानका आधारभूत स्तम्भ हुन्। यी स्तम्भमा एउटा मात्र तलमाथि हुनेबित्तिकै संविधान रहँदैन। मुलुकको स्थायित्वमा गम्भीर समस्या आउँछ। सङ्घीयताको प्रतीकका रूपमा प्रदेश तह छ तर प्रदेशप्रतिको दृष्टिकोण धेरैको नकारात्मक छ। पुराना पार्टी विचारमा प्रदेशप्रति उदार थिए तर व्यवहार अनुदार थियो। सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रदेशप्रतिको धारणा स्पष्ट छैन। व्यवहार कस्तो हुने हो। नीति तथा कार्यक्रमपश्चात् मात्र थाहा होला तर पनि प्रधानमन्त्री वालेन्द्र (बालेन) शाहले निर्वाचनताका जनकपुरमा अधिकारका लागि काठमाडौँ जानु पर्दैन भन्नुले उहाँ प्रदेशप्रति उदार हुनुहुन्छ भन्ने सन्देश दिन्छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/204721**

## मधेशको सत्ता गठबन्धनमा हलचल, जनमतको समर्थन फिर्ताको असर के पर्दैछ ?

मधेशमा सोमबार जनमत पार्टीले नेपाली कांग्रेस नेतृत्वको सरकारबाट समर्थन फिर्ता लिएको छ। यस घटनाले जनमतभित्र पनि विवाद चुलिएको छ । फलस्वरूप जनमतले दलका नेताबाट अर्थमन्त्रीसमेत रहेका महेशप्रसाद यादवलाई जनमतले हटाएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1925484/what-is-the-impact-of-the-upheaval-in-the-ruling-coalition-in-madhesh-and-the-withdrawal-of-public-support**

## संवैधानिक निकायमा खुल्यो नियुक्तिको बाटो

प्रधान न्यायाधीशसहित संवैधानिक निकायमा रिक्त पदाधिकारी पदपूर्तिको कानुनी बाटो खुलेको छ । संवैधानिक परिषद्ले सहमतिमा निर्णय अगाडि बढाउन सक्ने भए पनि रिक्त पदमा सिफारिस/नियुक्तिको प्रक्रिया अगाडि बढेको थिएन । राष्ट्रपति रामचन्द्र पौडेलले मङ्गलबार संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) पहिलो संशोधन अध्यादेश जारी गरेसँगै सहमति नभए बहुमतीय प्रक्रियाबाट सिफारिस र निर्णयको बाटो खुलेको हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/204489**

## 'प्याड टु गो' ले तोड्छ महिनावारीको मौनता

नेपालमा महिनावारी अझै पनि धेरैका लागि लाज, गोप्यता र अभावको विषय हो । यहाँ हजारौं किशोरी महिनावारी हुँदा प्याड नपाउँदा स्कूल छुटाउँछन्, चुपचाप पीडा सहन्छन् र गम्भीर स्वास्थ्य जोखिममा पर्छन् । यही मौनतालाई तोड्दै दुई युवती- शुभांगी राणा र जेसलिना राणाले शुरु गरेको 'प्याड टु गो' ले स्यानिटरी प्याडलाई केवल एउटा उत्पादन होइन, महिलाको आधारभूत अधिकारका रूपमा स्थापित गर्ने अभियान चलाएको छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/personality/pad-to-go-breaks-the-silence-of-menstruation**

## निजामती ऐन मसौदा मन्त्रीपरिषदमा लगिँदै

सरकारले सङ्घीय निजामती सेवा विधेयकको मसौदा तोकिएकै मितिमा तर्जुमा गर्ने गरी काम तीव्र पारेको छ । छिटोभन्दा छिटो विधेयकको मसौदा मन्त्रीपरिषद्बाट निर्णय गराई सङ्घीय संसद्मा पेस गर्ने उद्देश्य अनुरूप मसौदा तर्जुमा गर्ने काम तीव्र पारिएको हो । सरकारले सार्वजनिक गरेको शासकीय सुधार अन्तर्गत एक सय दिनमा गरिने एक सय कार्यसूचीमा सङ्घीय निजामती सेवा विधेयकको मसौदा सरकार गठन भएको ४५ दिनभित्र तर्जुमा गर्ने उल्लेख गरिएको छ । सोही अनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विधेयकको मसौदा मन्त्रीपरिषद्मा पेस गर्नका लागि कामलाई तीव्र पारेको जनाएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/204488**

## सांसदका स्वकीय र स्रोत खोसेर परिणाममुखी संसद् दिवास्वप्न

सांसदलाई निरीह बनाएर होइन, साधनस्रोत सम्पन्न बनाएर प्रतिफल प्राप्त गरेका उदाहरण विश्वमा थुप्रै छन् । अब पनि त्यसो नगर्ने हो भने विकास र सुशासनका हाम्रा चाहना केवल नारामै सीमित हुनेछन् । 'सस्तो लोकप्रियताले राष्ट्र बन्दैन, सक्षम संरचनाले मात्र भविष्य बनाउँछ ।' यही सत्यलाई बेवास्ता गर्दा आज हाम्रो बहस सतहमा सीमित भएको छ । हामी प्रश्न गर्छौं सांसदलाई किन स्वकीय सचिव चाहियो ? तर हामीले सोध्न बिर्सन्छौं सक्षम सांसद विना सक्षम संसद् कसरी बन्छ ? बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1926433/a-result-oriented-parliament-is-a-daydream-taking-away-the-personal-and-resources-of-mps**

## सुदूरपश्चिममा मुख्यमन्त्री फेर्ने मागबारे गगनको चासो, सांसदले मागे मन्त्री !

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले सुदूरपश्चिम प्रदेश संसदीय दलमा विकसित घटनाक्रमबारे छलफल गरेका छन् । सरकारसँग असन्तुष्ट र मन्त्री हुन नपाएका प्रदेश सभा सदस्यहरूले मुख्यमन्त्री कमलबहादुर शाहलाई पदबाट हटाउनुपर्ने माग गर्दै आएका थिए । शुक्रबार प्रदेशस्तरीय भेलापछि सभापति थापाले उपसभापति विश्वप्रकाश शर्मा, महामन्त्री गुरु घिमिरेसहितका नेतालाई राखेर प्रदेशका मुख्यमन्त्री, मन्त्री र सांसदहरूसँग सघन छलफल गरेका छन् । अबेर रातिसम्म चलेको छलफलमा असन्तुष्ट प्रदेश सभा सदस्यहरूले सभापति थापालाई खुलेर आफ्ना कुरा राखेका छन् । उनीहरूले कार्यसम्पादन सन्तोषजनक नभएको भन्दै तत्काल सरकार पुर्नगठन गर्नुपर्ने माग गरेका छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1927984/gagans-concern-about-the-demand-to-change-the-chief-minister-in-the-far-west-mps-ask-for-ministers**

## अहिंसा २.० - भिगनिजम (पूर्ण शाकाहारवाद) को उदय र यसको अर्थ

आजको विश्वमा सामाजिक न्यायको स्वरूप र परिभाषा आधारभूतरूपमै परिवर्तन हुँदैछ । इतिहासका पानाहरूमा हामीले जातीय समानता, लैङ्गिक न्याय र आधारभूत मानव अधिकारका लागि गरिएका कडा सङ्घर्षका गाथाहरू पढ्यौं । तर, आज एउटा नयाँ र अझ फराकिलो नैतिक चेतनाको लहर तीव्र गतिमा उठिरहेको छ जसले न्यायको सीमालाई मानव जातिमा मात्र सीमित नराखी सम्पूर्ण चेतनशील प्राणीहरूसम्म विस्तार गर्ने माग गरिरहेको छ। परम्परागतरूपमा अहिंसालाई मानव-मानवबीचको सम्बन्ध र द्वन्द्वको अभावका रूपमा खुम्च्याइएको थियो तर आजको युगमा यसको परिभाषा निकै फराकिलो र गम्भीर भइसकेको छ । बाँकी... स्रोत : **https://baahrakhari.com/detail/487207**

## नेपाललाई एडीबीको सुझाव : गरिब जोखिममा छन्, ऋण लिएर पनि राहत देऊ

पश्चिम एसियामा जारी संकट लामो समय जाने आकलन गर्दै एसियाली विकास बैंक (एडीबी) ले यसबाट गरिब तथा जोखिममा रहेको जनसंख्या सबैभन्दा प्रभावित हुने बताएको छ। उज्बेकिस्तानको समरकन्दमा ५९औं वार्षिक सम्मेलनमा एडीबीका प्रमुख अर्थशास्त्री डा. अल्बर्ट एफ पार्कले पश्चिम एसियाको युद्ध अस्थायी झट्कामात्र नभई द्वन्द्वको लामो शृङ्खला (स्थायी परिवर्तन) को दिशामा अघि बढेको बताए । बाँकी...स्रोत : **https://www.onlinekhabar.com/2026/05/1926587/adbs-advice-to-nepal-the-poor-are-at-risk-provide-relief-even-through-loans**

## देउवा दम्पतीविरुद्ध 'रेड नोटिस' प्रक्रिया : इन्टरपोललाई पठाइयो थप कागजात

पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा र उनकी पत्नी एवं पूर्वपरराष्ट्र मन्त्री डा. आरजु राणा देउवाविरुद्ध रेड नोटिस जारीका लागि प्रक्रिया सुरु भएको छ । रेड नोटिसका लागि इन्टरपोलले थप कागजात मागेपछि एनसीबी (नेसनल सेन्ट्रल ब्यूरो)ले उक्त विवरण पठाएको प्रहरी प्रधान कार्यालय स्रोतले जानकारी दिएको छ । 'केही दिनअघि थप कागजात माग गर्दै इमेल आएकाले सोही अनुसार थप कागजात पठाएका हौं', प्रहरी स्रोतले भन्यो । गत २४ चैतमा देउवा दम्पतीविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1927980/red-notice-process-against-deuba-couple-additional-documents-sent-to-interpol**

## पोखरा विमानस्थल निर्माणमा अनियमितताः एक पूर्वमन्त्री र चार पूर्व तथा एक बहालवाला सचिवसहित १४ विरुद्ध भ्रष्टाचार मुद्दा

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्दा मूल सम्झौताविपरीत निर्माण कम्पनीलाई कर छुट दिएर भ्रष्टाचार गरेको अभियोगमा एक पूर्वमन्त्री, चार पूर्वसचिव र एक वहालवाला सचिव सहित १४ विरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बिहीबार तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र तत्कालीन अर्थ सचिव शंकरप्रसाद अधिकारी तथा निर्णय प्रक्रियामा संलग्न अधिकारी र कम्पनीविरुद्ध ३ अर्ब ६२ करोड ५ लाख २२ हजार १ सय ६० रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरेको हो। बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/05/08/irregularities-in-pokhara-airport-construction-corruption-case-against-14-including-a-former-minister-four-former-and-one-current-secretaries-11-17.html**

## १५ जना अवैतनिक दूत पदमुक्त, वैशाख २८ मा राष्ट्रपतिले संसद्लाई सम्बोधन गर्ने

सरकारले विभिन्न मुलुकमा कार्यरत १५ जना नेपाली अवैतनिक वाणिज्य दूत तथा काउन्सिलरहरूलाई पदमुक्त गर्ने निर्णय गरेको छ। शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले विदेशस्थित ती अवैतनिक दूतहरूलाई फिर्ता बोलाउने र पदमुक्त गर्ने निर्णय गरेको हो। सरकारका प्रवक्ता सस्मित पोखरेलका अनुसार बैठकले आगामी वैशाख २८ गते सोमबार अपराह्न ४ बजे संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नका लागि राष्ट्रपति रामचन्द्र पौडेललाई अनुरोध गर्ने निर्णय समेत गरेको छ। सरकारले उक्त सम्बोधनको समयमा सङ्घीय संसद्का दुवै सदनका सांसदहरूलाई अनिवार्य रूपमा उपस्थित हुनका लागि आह्वान समेत गरेको प्रवक्ता पोखरेलले जानकारी दिए।बाँकी...

स्रोत : **https://www.ratopati.com/story/561796/15-honorary-envoys-relieved-of-their-posts-president-to-address-parliament-on-april-28**

## अध्यादेशको नियतमा प्रश्न थियो, संवैधानिक परिषद्को निर्णयमा संकेत देखियो : महासचिव पोखरेल

नेकपा एमालेका महासचिव शङ्कर पोखरेलले आह्वान भइसकेको संसद् अधिवेशन स्थगित गरेर अध्यादेश नियत संवैधानिक परिषद्को निर्णयमा प्रकट भएको टिप्पणी गरेका छन्। संवैधानिक परिषद्ले वरिष्ठ न्यायाधीशहरूलाई उपेक्षा गर्दै प्रधानन्यायाधीश सिफारिस गरेपछि उनले सरकारको कदमप्रति असहमति जनाएका हुन्। 'आह्वान भइसकेको संसद् स्थगन गरेर अध्यादेशमार्फत निर्णय गरिनु केवल प्रक्रियागत विषय होइन, यसको नियतमाथि नै प्रश्न उठेको थियो,' उनले भनेका छन्, 'त्यसको स्पष्ट सङ्केत संवैधानिक परिषद्को निर्णयमा देखियो।' बाँकी... स्रोत :

**https://www.onlinekhabar.com/2026/05/1926975/there-was-a-question-about-the-intention-of-the-ordinance-a-hint-was-seen-in-the-decision-of-the-constitutional-council-general-secretary-pokharel**

## स्थानीय तह पुनर्संरचना : संख्या होइन, अक्षमता बाधक

विश्वका अनुभवहरूले स्पष्ट देखाउँछन् कि स्थानीय तह पुनर्संरचना कुनै जादुयी समाधान होइन। यो एक सतत: प्रक्रिया हो, जसमा सन्तुलन, अनुकूलता र दीर्घकालीन सोच आवश्यक हुन्छ। विश्वका धेरै देशले विभिन्न समयमा स्थानीय तह पुनर्संरचना गरेका छन्। उद्देश्य प्रायः एउटै देखिन्छ- कम खर्चमा प्रभावकारी सेवा प्रवाह गर्ने, सुशासनको सुदृढीकरण र विकासको गति बढाउने। नेपालमा पनि २०७२ सालको संविधानपछि संघीय संरचना कार्यान्वयनसँगै स्थानीय तहलाई संवैधानिक मान्यता दिइयो र राज्यशक्तिको महत्वपूर्ण हिस्सा हस्तान्तरण गरियो। तर, कार्यान्वयनका केही वर्षपछि नै एउटा मूल प्रश्न फेरि उठ्न थालेको छः के वर्तमान संरचना प्रभावकारी छ ? बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1926912/local-level-restructuring-inefficiency-not-numbers-is-the-obstacle**

## ८ विश्वविद्यालयमा उपकुलपति नियुक्तिका लागि दरखास्त आह्वान

आठ वटा विश्वविद्यालयमा रिक्त उपकुलपति नियुक्तिका लागि दरखास्त आह्वान भएको छ। उपकुलपति छनोट तथा सिफारिस समितिले आज सार्वजनिक सूचना जारी गरी दरखास्त आह्वान गरेको हो। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1926967/applications-invited-for-appointment-of-vice-chancellors-in-8-universities**

## दुई दिनभित्र एसईईको नतिजा

राष्ट्रिय परीक्षा बोर्डले माध्यामिक शिक्षा परीक्षा (एसईई) को नतिजा दुईदिनभित्र सार्वजनिक गर्ने तयारी गरेको छ। परीक्षा भएको १ महिनाभित्र नतिजा सार्वजनिक गर्न लागेको बोर्डले इन्ट्रीको काम सकेर कुनै त्रुटि हुन नदिन रुजुको काम गरिरहेको छ। 'नतिजा सार्वजनिकको नजिक आइपुगेका छौँ। पर्सिसम्म आउँछ। आइटीले काम गरिरहेको छ,' परीक्षा नियन्त्रक टुकराज अधिकारीले भने, 'त्रुटि नहुनेगरी नतिजा सार्वजनिक गर्छौं।' यसपटक परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका परीक्षण गरिएकाले छिटो नतिजा सार्वजनिक गर्न लागिएको हो। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1928102/see-results-within-two-days**

## एसइई नतिजा एसएमएस, आईभीआर र वेबसाइटबाट सार्वजनिक हुने

राष्ट्रिय परीक्षा बोर्डअन्तर्गत कक्षा १० परीक्षा नियन्त्रण कार्यालयले माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८२ को नतिजा एसएमएस, आईभीआर तथा वेबसाइटमार्फत सार्वजनिक हुने जनाएको छ। कार्यालयले जारी गरेको सूचनाअनुसार एसइई २०८२ को नियमित तथा ग्रेडवृद्धि परीक्षाको नतिजा विभिन्न सेवा प्रदायक संस्थामार्फत मोबाइल एसएमएस, आईभीआर सेवा र वेबसाइटबाट हेर्न सकिने व्यवस्था गरिएको हो। नतिजा हेर्नका लागि नेपाल टेलिकमको १६००, जानकी टेक्नोलोजि प्राली ३५००१ र एम्बिसन गुरु प्रालि ३१०६१ मा एसएमएस/यूएसएसडी तथा आईभीआर सेवा उपलब्ध गराइनेछ। बाँकी...

स्रोत:**https://gorkhapatraonline.com/news/205139?fbclid=IwY2xjawRtDE1leHRuA2FlbQIxMQBicmlkETE2bnRONnlCWFZGTkx2UHJFc3J0YwZhcHBfaWQQMjIyMDM5MTc4ODIwMDg5MgABHmZa1vI1OT7x9feaFUh-WdGwSdc0uvq9840kr4cf64Ftw8HyEE-AogA5i69q_ae**

## सरकारलाई सबैभन्दा बढी सुझाव शिक्षा, स्वास्थ्य र विज्ञान क्षेत्रमा

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने प्रक्रियामा सरकारले माग गरेको सुझावमा सबैभन्दा बढी सुझाव शिक्षा, स्वास्थ्य र विज्ञानमा प्राप्त भएको छ। शनिबार साँझदेखि सरकारले बजेट तथा कार्यक्रममा नागरिकको प्रत्यक्ष सहभागिताका लागि 'सुझाव संकलन पोर्टल' सञ्चालनमा ल्याएको थियो। आइतबार विहान ११:१० बजेसम्म प्राप्त सुझावहरूमध्ये सबैभन्दा बढी शिक्षा, स्वास्थ्य र विज्ञानसँग जोडिएका ९०६ सुझाव छन्। हालसम्म कूल प्राप्त सुझावहरुको संख्या ४ हजार ८५२ छ। त्यसमध्ये एक हजार ६४३ बजेट र दुई हजार ३३१ नीति सम्बन्धी छ। सरकारले प्रस्तुत गर्ने नीति तथा कार्यक्रम नागरिकका सुझाव समेट्नका लागि १३ फरक-फरक क्षेत्रमा सुझाव मागिएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1928064/the-government-received-the-most-suggestions-in-the-fields-of-education-health-and-science**

## कार्यकाल तोकिएन कुलपतिलाई चित्त नबुझे 'आउट'

अध्यादेशबाट पदाधिकारी र विश्वविद्यालयबाट दलनिकट प्राध्यापक, कर्मचारी र विद्यार्थी संगठनलाई आउट गरेपछि सरकारले आठ विश्वविद्यालयका उपकुलपति नियुक्ति प्रक्रिया सुरु गरेको छ। उपकुलपतिको कार्यकाल तोकिएको छैन । सरकारले अधिकांश निकायमा पदाधिकारी नियुक्ति गर्दा कार्यकाल नतोक्ने रणनीति अवलम्बन गरेको छ। विश्वविद्यालयमा पनि त्यस्तै अभ्यास सुरु गर्न थालेको छ। 'कुलपति एवं प्रधानमन्त्रीलाई चित्त बुझेसम्म नियुक्ति कायम भयो, चित्त बुझेन भने आउट' -त्रिविका एक पूर्व उपकुलपतिले नेपाल समाचारपत्रसँग भने। कार्यकाल नतोकेकै कारण उपकुलपतिका लागि फारम भर्नेको संख्या घट्नसक्ने अनुमान छ। बाँकी... स्रोत : **https://newsofnepal.com/2026/05/10/767543/**

## कानूनका अवरोध पहिचान गर्न गठित कार्यदलले प्रतिवेदन बुझायो

कानून, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले पदभार ग्रहणसँगै गठन गरेको कार्यदलले प्रतिवेदन बुझाएको छ । अपराध संहिता लगायत प्रचलित कानूनहरूमा रहेका अवरोध पहिचान गरेर प्रतिवेदन बुझाउन अध्ययन कार्यदल गठन गरिएको थियो। जबरजस्ती करणी पश्चात् हुने हत्या, यौनजन्य हिंसा तथा बालबालिका सम्बन्धी जघन्य कसूरमा संलग्नलाई प्रभावकारी दण्ड सजाय सुनिश्चित गर्न तथा पीडितलाई शीघ्र न्याय उपलब्ध गराउने उद्देश्यले अध्ययन कार्यदल गठन गरिएको थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1928029/the-task-force-formed-to-identify-obstacles-in-laws-including-the-criminal-code-submitted-its-report**

## लुम्बिनीको बजेट आकार १५ प्रतिशतसम्म घट्ने, यथार्थपरक बनाउने गृहकार्यमा मन्त्रालय

लुम्बिनी प्रदेश सरकार आगामी आर्थिक वर्ष (२०८३/०८४) को बजेट निर्माणको तयारीमा जुटेको छ। आउँदो आर्थिक वर्षको बजेटमा आमूल सुधार गर्ने तयारीमा प्रदेश सरकार लागेको छ। स्थापनाकालदेखि नै महत्वाकांक्षी र घाटा बजेट ल्याउँदै आएको प्रदेश सरकारले आउँदो वर्षका लागि १५ प्रतिशतसम्म आकार घटाउने तयारी गरेको छ । आकार घटाएर स्रोतको दायराभित्र रही बजेट ल्याउने गृहकार्यमा आर्थिक मामिला तथा योजना मन्त्रालय जुटेको छ। बाँकी...

स्रोत : **https://www.lokaantar.com/story/319145/2026/5/10/economy/lumbini-budget-**

## नेकपा जनवर्गीय सङ्गठनको जिम्मेवारी क-कसले पाए ?

नेपाली कम्युनिस्ट पार्टी(नेकपा)ले जनवर्गीय सङ्गठनको जिम्मेवारी टुङ्ग्याएको छ। भर्खर सम्पन्न नेकपाको संयोजन समितिको बैठकले ३२ वटा जनवर्गीय समितिको इन्चार्ज र सहइन्चार्जको जिम्मेवारी टुङ्ग्याएको हो । पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक माधव कुमार नेपालले शनिबार हस्ताक्षर गरेको अन्तरपार्टी निर्देशन (अपानी)-३ अनुसार अखिल नेपाल किसान महासंघको इन्चार्ज बलदेव चौधरी, सहइन्चार्ज कुमार पौडेल, अखिल नेपाल महिला सङ्गठनको इन्चार्ज जयन्ती राई, सहइन्चार्ज कमला रोका, सहिद बेपत्ता तथा घाइते योद्धा सङ्गठनको इन्चार्ज हितराज पाण्डे, सहइन्चार्ज कृष्णप्रसाद सापकोटा, बालकृष्ण गैरे रहेका छन् । बाँकी... स्रोत : **https://www.ratopati.com/story/562133/who-was-given-the-responsibility-of-the-ncp-peoples-organization**

## संवैधानिक परिषद् बैठकको मुख्य कार्यसूची- प्रधानन्यायाधीश नियुक्ति

सरकारले सर्वोच्च अदालतको प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अघि बढाउने भएको छ । जसका लागि संवैधानिक परिषद्को बैठक आह्वान गरिएको प्रधानमन्त्री बालेन शाहको सचिवालयले जनाएको छ । प्रधानमन्त्रीको निर्देशनअनुसार परिषद् सचिवालयले बिहीबारका लागि बैठक बोलाइएको हो । बैठक भोलि (बिहीबार) अपराह्न ५ बजे बस्नेछ । बैठकको मुख्य कार्यसूची 'प्रधानन्यायाधीशको नियुक्ति सिफारिस' रहेको जनाइएको छ। बैठकमा सहभागी हुनका लागि सभामुख डोल प्रसाद अर्याल, राष्ट्रिय सभाका अध्यक्ष नारायण प्रसाद दाहाल, कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतम, प्रतिनिधि सभाका विपक्षी दलका नेता भीष्मराज आङ्देम्बे र प्रतिनिधि सभाकी उपसभामुख रुबी कुमारीलाई आमन्त्रण गरिएको छ ।बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1925724/main-agenda-of-constitutional-council-meeting-appointment-of-chief-justice**

## 'अदालतको स्थापित पद्धतिमा असर पर्ने त्रास देखियो'

भविष्यमा के होला भन्ने कुरा त समयले नै बताउला, तर यस्ता काम-कारबाहीले अदालतको स्वतन्त्रता, यसको व्यावसायिकता र स्थापित पद्धतिमाथि नै गम्भीर असर पर्ने हो कि भन्ने चिन्ता र त्रास देखिएको छ । संवैधानिक परिषद्ले गरेको पछिल्लो सिफारिस वरिष्ठताको स्थापित परम्पराभन्दा फरक देखिएको छ । हुन त प्रधानन्यायाधीश नियुक्तिका लागि वरिष्ठतालाई नै अनिवार्य आधार बनाउनुपर्छ भन्ने छैन र यस विषयमा संविधान पनि खुला छ । नियुक्ति गर्ने विभिन्न आधारहरूमध्ये वरिष्ठता एउटा पक्ष मात्र हो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/05/1926899/there-was-a-fear-that-the-established-system-of-the-court-would-be-affected**

## वरीयताक्रम तोड्दै डा. मनोजकुमार शर्मा प्रधानन्यायाधीशमा सिफारिस

सर्वोच्च अदालतको इतिहासमै पहिलोपटक वरीयताक्रम तोड्दै संवैधानिक परिषद्ले न्यायाधीश डा. मनोजकुमार शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरेको छ । संवैधानिक परिषद्को प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बिहीबार बसेको बैठकले डा. शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरेको हो । वरीयताक्रममा उहाँ चौथोमा रहनुभएको थियो । संसदीय सुनुवाइबाट अनुमोदन भएपछि डा. शर्मा ३३ औं प्रधानन्यायाधीश बन्नु हुनेछ । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/05/08/767306/**

## 'दुईतिहाइकै किन नहोस्, डर र प्रभावमा न्याय सम्भव छैन'

म आफैं जीवनभर विभेद र अन्यायको लडाइँ लडें कानून व्यवसायी हुँदादेखि नै । लडाइँ अझै बाँकी नै छ । सक्षम, स्वच्छ र सही न्यायका लागि प्रतिबद्ध भई काम गर्न हाम्रो समयलाई आजको दिनले थप प्रेरणा देओस् । सर्वप्रथम कानून दिवस, २०८३ को अवसरमा यहाँहरू सबैमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका एवं कानूनी राज्यको अवधारणालाई संस्थागत गर्दै मुलुकमा सुशासन विकास, समृद्धि र सामाजिक न्यायको सुनिश्चितता गर्न र सहज पहुँचयुक्त एवं जनआस्थामा आधारित न्याय प्रणालीको लागि आज यो विशेष दिनले हामी सबैमा थप ऊर्जा, हौसला र प्रेरणा प्रदान गरोस् भन्ने हार्दिक कामना गर्दछु । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1927806/justice-is-not-possible-under-fear-and-influence-even-if-it-is-two-thirds**

## पत्रकार महासंघ अध्यक्षको टिप्पणी- प्रधानन्यायाधीश बन्न शक्तिपीठ धाउने परम्परा शुरु भयो

नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्माले प्रधानन्यायाधीश सिफारिसले शक्तिपीठ धाउने परम्परा शुरु भएको टिप्पणी गरेकी छन् । राज्यका तीन अंगको सन्तुलन खल्बलिएको भन्दै चौथो अंग मानिने पत्रकारहरूको छाता संगठनकी अध्यक्षले संवैधानिक परिषद्को निर्णयप्रति संशय व्यक्त गरेकी हुन । शर्माले वरियता र परम्परा मिचेर गरिएको सिफारिसप्रति टिप्पणी गर्दै भनेकी छन्- 'प्रधानन्यायाधीश सिफारिस गरिपाऊँ भनेर शक्तिपीठ धाउने परम्परा शुरू भयो । बाँकी...

स्रोत : **https://www.nepalpress.com/2026/05/08/722149/comment-from-the-president-of-the-federation-of-nepali-journalists-the-tradition-of-visiting-shaktipeeth-to-become-the-chief-justice-has-begun/?fbclid=IwY2xjawRtDaVleHRuA2FlbQIxMQBzcnRjBmFwcF9pZBAyMjIwMzk**

## पूर्वमन्त्री, सचिवसहित १४ जनाविरुद्ध ३ अर्ब ६२ करोडको भ्रष्टाचार मुद्दा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भएको भ्रष्टाचारमा पूर्वमन्त्री, २ जना सचिव, सहसचिवलगायत १४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । अख्तियारले पोखरा विमानस्थलको अर्को भ्रष्टाचार प्रकरणमा पूर्व अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की, पूर्व अर्थसचिव शंकरप्रसाद अधिकारी, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सचिव महेश्वर न्यौपानेसमेत १३ जना र निर्माण कम्पनीलाई विपक्षी बनाउँदै बिहीबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/05/08/767303/**

## प्रधानमन्त्रीलाई आङ्देम्बेको ७ बुँदे असहमति पत्र- 'न्यायपालिकालाई कार्यपालिकाको छाया बनाइँदैछ'

प्रमुख विपक्षी दलका नेता भीष्मराज आङ्देम्बेले संविधान विपरीत ल्याइएको अध्यादेशको आधारमा विधि र प्रक्रिया मिचेर प्रधानन्यायाधीश सिफारिस गरिएको भन्दै ७ बुँदे लिखित असहमति दर्ज गराएका छन् । उनले यो कदमलाई न्यायपालिकालाई कार्यपालिकाको छाया बनाउने उल्लेख गरेका छन् । बिहीबार संवैधानिक परिषद्ले वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ललाई छोडेर चौथो नम्बरका न्यायाधीश डा. मनोजकुमार शर्मालाई प्रधानन्यायाधीश सिफारिस गर्ने निर्णय गरेको थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1927105/angdembes-7-point-letter-of-protest-to-the-prime-minister-the-judiciary-is-being-made-a-shadow-of-the-executive**

## कमरेड सुरेन्द्र पाण्डे र मार्क्सवादको अनर्थकारी भाष्य

यदि कम्युनिस्ट आन्दोलनलाई पुनर्गठन गर्न र बुर्जुवा वर्चस्वमाथि धावा बोल्ने हो भने आफ्ना प्रस्तावनालाई पुष्टि गर्ने तथ्य, तर्क र ऐतिहासिकतासहित डकुमेन्ट लिएर बहसमा आउनुभए सहज हुने थियो । केही समय पीएचडीको थेसिस लेख्न थाती राखेर यता लाग्ने कि कमरेड ? नेकपा एमालेका नेता कमरेड सुरेन्द्रप्रसाद पाण्डे एमालेभित्र 'मोडरेट' व्यक्तित्व भएका थोरै नेतामध्येमा पर्छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1927230/comrade-surendra-pandey-and-the-disastrous-commentary-of-marxism**

## सारा संसार मेसिनतिर फर्किंदा विद्यार्थीलाई गाउँ र प्रकृतिसँग जोड्ने डिग्री

हामीले आफूलाई बुझ्न हाम्रो जीवविज्ञान र सिकारी पुर्खाहरूको इतिहास केलाउनुपर्छ। मानव सृजनशीलता र उद्यमशील सोच जन्मजात आउने कुरा होइनन्स यी त सहकार्य, प्रतिस्पर्धा र फरक विचारहरूबिचको घर्षणबाट उत्पन्न हुन्छन्। मलाई आज यस कार्यक्रम नयाँ मास्टर्स डिग्री (मास्टर्स डिग्री इन सोसल इनोभेसन एन्ड इन्टरप्रेनरसिप) को शुभारम्भमा यो उत्साह र अपेक्षा देख्दा आफूले करिब २५ वर्षअघि यस्तै उत्साह बोकेर मास्टर्स पढ्न भर्ना भएको कुराको सम्झना भइरहेछ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1927635/a-degree-that-connects-students-to-villages-and-nature-as-the-whole-world-turns-to-machines**

## 'सेटिङ' भत्कियो कि नयाँ विवाद जन्मियो ?

संवैधानिक परिषद्ले सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीशलाई प्रधानन्यायाधीशमा सिफारिस गर्ने परम्परा तोडेकोमा अहिले न्यायिक क्षेत्र तरंगित बनेको छ । परिषद्ले बहुमतका आधारमा चौथो वरीयताक्रममा रहेका न्यायाधीश डा. मनोजकुमार शर्मालाई ३३औं प्रधानन्यायाधीशमा सिफारिस गरेको थियो । कसैले यसलाई वर्षौंदेखिको 'सेटिङ' भत्किएको रूपमा व्याख्या गरेका छन् भने अर्काथरीले कार्यकारीको प्रभाव बढ्दै न्यायपालिकाभित्र अस्वस्थ प्रतिस्पर्धाको ढोका खुलेको चेतावनी दिएका छन् । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/05/10/767537/**

## मनसुन २०८३ : मौसम विभागले सार्वजनिक गर्‍यो सरदरभन्दा कम वर्षाको प्रक्षेपण

जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुन अवधिमा देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षा हुने प्रक्षेपण सार्वजनिक गरेको छ । यसैगरी अधिकतम र न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने विभागले जनाएको छ । विभागले आज ललितपुरमा एक कार्यक्रम आयोजना गरी यस वर्षको मनसुनको सम्भावित अवस्थाबारे जानकारी दिएको हो । कार्यक्रममा मौसमविद सुदर्शन हुमागाईंले दिएको जानकारी अनुसार देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षा हुने सम्भावना छ । यद्यपि यो विभिन्न भेगमा फरक-फरक छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1927207/monsoon-2083-meteorological-department-releases-forecast-of-below-average-rainfall**

## मह काढ्ने परम्परा जीवन्त राख्न पुस्ता हस्तान्तरण

विश्वको साहसिक एवं जोखिमयुक्तमध्ये भिर मौरीको मह सिकार गर्ने कार्य पनि पर्दछ । जोखिमयुक्त मानिएको मह सिकार गण्डकी प्रदेशको लमजुङ, गोरखा, म्याग्दीलगायतका जिल्लामा गरिन्छ । यसमध्ये लमजुङमा बढी भिर मौरीको सिकार गरेको पाइन्छ । लमजुङको मर्स्याङ्दी गाउँपालिका-४ मिप्रागाउँ नजिकैको छिप्ली भिरमा झुन्डिएका भिर मौरीका चाकाको सिकार गर्न ज्यानै जोखिममा राखेर डोरीमा झुन्डिएर मह सिकार गर्दछन् । यस कार्यले यहाँका स्थानीयका साथै पर्यटकलाई पनि आकर्षित गरेको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1927967/handing-down-the-tradition-of-honey-extraction-to-keep-it-alive**

## रोबोट बन्यो बौद्ध भिक्षु, गुम्बामा यसरी लियो दीक्षा

एआई र रोबोटिक्स प्रविधिले अहिले संसारमा हरेक दिन नयाँ सीमाहरू पार गरिरहेको छ। सोही क्रममा दक्षिण कोरियामा हालै भएको एउटा घटनाले सबैलाई आश्चर्यचकित बनाएको छ । त्यहाँ पहिलो पटक एउटा ह्युमनोइड रोबोटलाई बौद्ध भिक्षु बनाइएको छ। जोगिसा मन्दिरमा आयोजित एक विशेष समारोहमा सो रोबोटलाई आधिकारिक रूपमा बौद्ध दीक्षा दिइयो । उक्त रोबोटको नाम गाबी राखिएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1927976/robot-becomes-buddhist-monk-takes-initiation-in-monastery**

## लोकप्रिय बन्दै तेह्रथुमे ढाका

तेह्रथुम जिल्लाको गाउँदेखि सदरमुकाम म्याङलुङ बजारसम्म बिहानको घामसँगै तानको ताल गुञ्जिन थाल्छ । कतै धागो मिलाइँदै हुन्छ, कतै रङ्गीचङ्गी बुट्टा बुन्दै महिलाहरू व्यस्त देखिन्छन् । पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको ढाका बुन्ने परम्परागत सीप अहिले तेह्रथुमका धेरै परिवारको जीवनसँग प्रत्यक्ष जोडिएको छ। विशेषगरी महिलाहरूका लागि ढाका उद्योग केवल संस्कृति जोगाउने माध्यम मात्र नभई आर्थिक आत्मनिर्भरताको बलियो आधार बनेको छ। गाउँघरका घर-घरमा सुनिने तानको आवाज, रंगीन धागोबाट तयार हुने कलात्मक बुट्टा र महिलाहरूको अथक मेहनतले तेह्रथुमे ढाकालाई राष्ट्रिय सीमाभन्दा बाहिर अन्तर्राष्ट्रिय स्तरसम्म चिनाउन सफल भएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/05/1927594/tehrathume-dhaka-is-becoming-popular**